किशोरकिशोरीको समग्र विकासका लागि

किशोर किशोरी भए दक्ष, बन्छ देशको भविष्य

# रूपान्तरण

## सहजकर्ता तालिम पुस्तिका

खण्ड १४

# लैङ्गिकतामा आधारित हिंसा



# प्राक्कथन

नेपाल सरकारले किशोरकिशोरीको समग्र विकासका लागि उनीहरूको अधिकार र विकाससँग सम्बन्धित सवालहरूलाई आफ्ना नीति, योजना तथा कार्यक्रमहरूमा एकीकृत रुपमा समायोजन गर्दै विकास प्रक्रियाको मूलप्रवाहमा समाहित गर्ने पहल गरेको छ ।

किशोरावस्थामा आउने विभिन्न शारीरिक, मानसिक, बौद्धिक र सामाजिक परिवर्तनहरूलाई बुझ्न नसक्दा र यस्ता परिवर्तनहरूमा अभिभावकहरूको उचित साथ र सहयोग नपाउँदा किशोरकिशोरीले विभिन्न जोखिमपूर्ण र संवेदनशील परिस्थितिको सामना गर्न बाध्य हुनुपर्दछ । अर्कातिर, समाजमा विद्यमान गलत धारणा, परम्परा, मूल्यमान्यता र सोचाइले किशोरकिशोरीको समग्र विकासमा असर पुऱ्याएको पाइन्छ । यिनै चुनौतीहरूलाई मध्यनजर गरी नेपाल सरकारले किशोरकिशोरीको समग्र विकासका निम्ति आवश्यक सवालहरूलाई सम्बोधन गर्दै उनीहरूको अधिकारको संरक्षण र सम्बर्द्धनका लागि "किशोरकिशोरीको समग्र विकासका लागि राष्ट्रिय कार्ययोजना २०७०/७१-२०७४/७५" तयार गरी, सो कार्ययोजनाको कार्यान्वयन अगाडि बढाएको छ । उक्त कार्ययोजनामा समावेश गरिएका विभिन्न सवालहरूमा किशोरकिशोरीको ज्ञान र सिप अभिवृद्धि गर्ने उद्देश्य अनुरुप "रूपान्तरण" तालिम पुस्तिका तयार गरिएको हो ।

यस तालिम पुस्तिकामा स्वस्थ र सुरक्षित वातावरण, शिक्षा र सीप, जीविकोपार्जन तथा आर्थिक सशक्तीकरण, नागरिक संलग्नता र सहभागिता, लैङ्गिक समता र सामाजिक समावेशीकरण जस्ता कार्ययोजनाले महत्त्वपूर्ण ठानेका सवालहरूलाई समावेश गरिएको छ । १०-१४ बर्ष र १५-१९ वर्षका किशोरकिशोरीमा आउने फरक परिवर्तनहरूलाई ध्यान दिँदै तालिमका सत्र तथा मुख्य सन्देशहरू तयार गरिएका छन् । त्यसैगरी किशोरकिशोरीको विकासका लागि समुचित वातावरण तयार गर्न अभिभावकहरूको महत्त्वपूर्ण भूमिका हुने भएकाले अभिभावकहरूका लागि पनि छुट्टै तालिम पुस्तिका तयार गरिएको छ ।

"रूपान्तरण"ले किशोरकिशोरीको स्थितिमा सकारात्मक परिवर्तन ल्याउन सक्ने अपेक्षा सहित यसलाई राष्ट्रिय कार्ययोजना कार्यान्वयनको एउटा अंशको रुपमा लिइएको छ ।

तालिम पुस्तिका तयारीका क्रममा किशोरकिशोरीको समग्र विकासका लागि राष्ट्रिय कार्ययोजनाले पहिचान गरेका सवालहरूलाई आत्मसात् गर्दै उनीहरूको विकासका लागि तयार गरिएका विभिन्न स्रोत सामग्रीहरू, तालिम निर्देशिकाहरू, प्रतिवेदन आदिको सङ्कलन, अध्ययन तथा विश्लेषण गरिएको थियो । किशोरकिशोरीका सवालहरू, अपेक्षाहरू र उनीहरूले रुचाउने सिकाइ विधिहरूको पहिचानका लागि अछाम, सप्तरी र दोलखाका किशोरकिशोरी तथा सरोकारवालाहरूसँग परामर्श गरिएको थियो । बिषयगत प्राविधिक विशेषज्ञहरूसँग सल्लाह तथा सुझाव लिइएको थियो । यसरी तयार गरिएको तालिम पुस्तिकाको खाकालाई अछाम र सप्तरी जिल्लाका किशोरकिशोरी र अभिभावकहरूसँग पूर्व परीक्षण गरी अन्तिम रुप दिइएको थियो ।

"रूपान्तरण" तालिम पुस्तिका तयारीका लागि अग्रसरता देखाउने सम्बन्धित मन्त्रालयका पदाधिकारीहरू, आर्थिक तथा भौतिक सहयोग गर्ने संयुक्त राष्ट्र बाल कोष (UNICEF) तथा संयुक्त राष्ट्र जनसंख्या कोष (UNFPA), तालिम पुस्तिका तयारी गर्ने संस्थाहरू रेस्टलेस डेभलपमेन्ट, सिविन नेपाल र रिन्युएबल वर्ल्ड, तालिम पुस्तिकालाई अछाम र सप्तरीका किशोरकिशोरी र अभिभावक बिचमा पूर्व परीक्षण गरी महत्त्वपूर्ण सुझावहरू सङ्कलन गर्ने सम्झौता नेपाल र वाइ पियर नेपाल प्रति नेपाल सरकार आभार प्रकट गर्दछ । तालिम पुस्तिका तयार गर्ने क्रममा सेभ द चिल्ड्रेन नेपालले दिएको सल्लाह र सुझाव तथा यस पुस्तिकाको पूर्व परीक्षणका लागि गरेको महत्त्वपूर्ण सहयोग सराहनीय छ ।

त्यस्तै यो तालिम पुस्तिका लेखन तथा सम्पादनमा संलग्न व्यक्तित्वहरू, निर्माणका क्रममा सरसल्लाह तथा सुझाव दिनुहुने संस्थाहरू, किशोरकिशोरीहरू, शिक्षक तथा अभिभावकहरू धन्यबादका पात्र हुनुहुन्छ ।

तालिम पुस्तिकाको प्रभावकारी कार्यान्वयनले किशोरकिशोरीको उज्ज्वल भविष्य निर्माणमा सहयोग पुऱ्याउनेछ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा, नेपाल सरकार यस पुस्तिकाको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित सबै सरकारी र स्थानीय निकाय, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, दातृ निकायहरू र नागरिक समाजसँग हार्दिक आग्रह गर्दछ ।

धन्यवाद ।

**चुडामणि पौडेल**
सह सचिव,
युवा तथा खेलकुद मन्त्रालय

**कृष्ण प्रसाद पौड्याल**
महानिर्देशक
महिला तथा बालबालिका विभाग

# परिचय :

कुनै पनि व्यक्तिलाई लैङ्गिक विभेदकारी सामाजिक मूल्य मान्यताका आधारमा गरिएको हिंसा नै लैङ्गिक हिंसा हो । यो महिला, पुरुष वा तेस्रो लिङ्गीमाथि हुने हिंसा मात्र नभएर मानव अधिकारकै हनन हो । यो विशेषगरी नेपाली समाजमा पितृसत्तात्मक संस्कार, मूल्यमान्यता र संरचनाको उपज हो । लामो समयदेखि समाजमा रहेका सामाजिक, राजनीतिक, आर्थिक पृष्ठभूमिले हरेक व्यक्ति, समूह र लिङ्गको मानव अधिकार उपभोग गर्ने क्षमतालाई प्रभावित पार्दछ । यस्तो हिंसाबाट किशोरकिशोरीलाई शारीरिक, मानसिक, यौनजन्य लगायतका पीडा दिने वा पीडा पुऱ्याउने खालका व्यवहारहरू हुन्छन् । यस्ता व्यवहारहरू भित्र डर, त्रास, धम्की लगायत मानिसका आधारभूत स्वतन्त्रतालाई खण्डित गर्ने जस्ता क्रियाकलापहरू पर्दछन् ।

लैङ्गिक हिंसा मानव जीवन चक्रको हरेक तह र शृङ्खलामा हुन्छ । यस प्रकारको हिंसा समाजको बनावट, संस्कृति र सामाजिक विकासको पृष्ठभूमिले फरक फरक मात्रा वा स्वरूपमा देखा पर्दछ । लैङ्गिक हिंसाका स्वरूपहरू फरक फरक रहे तापनि समग्रमा यसले व्यक्तिको समानता र विकासलाई असर पुऱ्याउँदछ । जीवन चक्रमा हुने हिंसाका उदाहरणहरू :

**गर्भावस्था** : बलपूर्ण गर्भधारण, लिङ्ग पहिचान गरी गर्भपतन, गर्भवती समयमा कुटपिट, छोरा पाउनैका लागि दबाब, मानसिक पीडा आदि ।

**शिशु अवस्था** : फरक सामाजिकीकरण, केटी शिशु हत्या, संवेदनात्मक तथा शारीरिक हिंसा, खाना तथा स्वास्थ्य सुविधाको पहुँचमा विभेद आदि ।

**बाल्य अवस्था** : यौन दुर्व्यवहार, हाड नाता करणी, खाना, स्वास्थ्य तथा शिक्षामा भेदभाव, बाल

वेश्यावृत्ति, बाल विवाह आदि ।

**किशोर अवस्था** : बलपूर्ण श्रम, कार्यस्थलमा यौन दुर्व्यवहार, बलात्कार, बाल विवाह, जबरजस्ती वा विनामन्जुरी विवाह, मानव बेचबिखन तथा ओसारपसार आदि ।

**प्रजनन अवस्था** : साथीबाट यौन दुर्व्यवहार, जबरजस्ती विवाह, वैवाहिक बलात्कार, दाइजोजन्य हिंसा र हत्या, मानसिक यातना, घरेलु हिंसा, अत्यधिक कार्यबोझ आदि ।

**वृद्ध अवस्था** : एकल महिलालाई दुर्व्यवहार, जेष्ठ नागरिकलाई दुर्व्यवहार, बोक्सीको आरोप, घरको बुढोपाको भएर पनि अन्य पुरुष सदस्यप्रति निर्भर रहनुपर्ने आदि ।

यस खण्ड अन्तर्गत विभिन्नप्रकारका हिंसाहरू विशेषगरि लैङ्गिकतामाआधारित हिंसा जस्तै घरेलु हिंसा, बालविवाह, यौनजन्य हिंसा, मानव बेचबिखनसम्बन्धी सत्रहरू रहेका छन् ।

# सत्र सूची


| | | |
|---|---|---|
| सत्र १४.१: | हिंसा | ४ |
| सत्र १४.२: | बाल विवाह | १८ |
| सत्र १४.३: | घरेलु हिंसा | ३० |
| सत्र १४.४ | यौनजन्य हिंसा | ४० |
| सत्र १४.५: | मानव तथा बालबालिका बेचबिखन | ५७ |

# सत्र
# १४.१
# हिंसा

**उद्धेश्य :**
**यस सत्रको अन्त्यमा सहभागीहरूले :**

- हिंसा के हो र समाजमा कस्ता किसिमका हिंसा हुन्छन्, बताउन सक्नेछन् ।
- हिंसाका असरहरूको तालिका बनाउन सक्नेछन् ।
- हिंसा हुने स्थान, जोगिने उपाय र हिंसा भएमा जानुपर्ने निकायहरूको बारेमा बताउन सक्नेछन् ।

**समय :**
१ घण्टा ३० मिनेट

**आवश्यक सामग्रीहरू :**
विभिन्न हिंसा झल्कने र हिंसा नझल्कने चित्र, हिंसा हुने सम्भावित ठाउँ तथा हिंसा न्यूनीकरण गर्न सकिने सम्भावित ठाउँहरूको चित्र, न्युजप्रिन्ट, सेतोपाटी र मार्कर

**विधि :**
समूह छलफल, मस्तिष्क मन्थन, जोखिम नक्साङ्कन, चित्र प्रस्तुतीकरण

## अघिल्लो सत्रको पुनरावलोकन

१० मिनेट

अघिल्लो सत्रमा तयार पारिएको कार्य योजना कार्यान्वयन र उपलब्धिबारे छलफल गर्ने ।




| के के सिकियो ? | के के गरियो ? |
|---|---|
| | |
| | |
| | |
| | |

१०-१९ बर्ष उमेर समूहका लागि

# क्रियाकलाप १:
# हिंसा, हिंसाका प्रकार र असर

४५ मिनेट

**उद्देश्य :** यस क्रियाकलापको अन्त्यमा सहभागीहरूले:

- हिंसा के हो र समाजमा कस्ता किसिमका हिंसा हुन्छन् बताउन सक्नेछन् ।
- हिंसाका असरहरूको तालिका बनाउन सक्नेछन् ।

**विधि :** चित्र प्रस्तुतीकरण, समूह छलफल र प्रस्तुतीकरण

- सहभागीलाई चार समूहमा विभाजन गर्ने ।
- विभाजित प्रत्येक समूहलाई कम्तीमा चारवटा हिंसा झल्किने र एउटा हिंसा नझल्किने चित्र दिई छलफल गर्न लगाउने । समूह छलफलपश्चात् पालैपालो प्रस्तुतीकरण गर्न लगाउने । (छलफलका लागि १५ मिनेट र प्रस्तुतीकरणका लागि १५ मिनेट समय व्यवस्थापन गर्ने )




**छलफलका लागि प्रश्नहरू :**

क) चित्रमा देखाइएको हिंसा हो कि होइन ?

ख) कस्तो प्रकारको हिंसा देखियो ?

- त्यसपछि सहजकर्ताले चित्रमा देखाएजस्तै हिंसा विभिन्न प्रकारका हुन्छन् भनी बताइदिने । जस्तै : शारीरिक हिंसा : शारीरिक रूपमा चोटपटक वा हानि नोक्सानी पुग्ने गरी बल वा शक्तिको प्रयोग गर्नु, कुटपिट गर्नु, हातहतियारको प्रयोग गरी आक्रमण गर्नु आदि ।



**मनोवैज्ञानिक हिंसा** : मनोवैज्ञानिक रूपमा असर पार्ने उद्देश्यले अरूलाई डर, त्रास देखाउनु, धम्की दिनु, होच्याउनु, अपमान गर्नु र लगातार आलोचना गर्नु, आरोप वा बात लगाउनु वा दोष थोपर्नु, बेवास्ता गर्नु आदि ।

**सामाजिक हिंसा** : सामाजिक मूल्य मान्यता र विभिन्न सामाजिक सांस्कृतिक प्रचलनका आधारमा गरिने हिंसालाई सामाजिक हिंसा भनिन्छ । जस्तै बाल विवाह, बहु विवाह, अनमेल विवाह, छाउपडी प्रथा, देउकी प्रथा, दाइजो प्रथा, बोक्सीको आरोप, छोरा नपाएको आधारमा महिलालाई गरिने विभेद, जात जातिको आधारमा गरिने भेदभाव, एकल महिलालाई गरिने विभेद आदि ।

**आर्थिक हिंसा** : घर भित्र र बाहिर आर्थिक रूपमा आयआर्जन हुने खालका काम गर्नमा रोक लगाउनु, आर्थिक निर्णय नदिनु, उपलब्ध भएर पनि आवश्यक पर्ने खर्च (पैसा) नदिनु, कमाउन/व्यवसाय गर्न नदिनु, कुनै पनि आम्दानीको स्रोतबाट वञ्चित गर्नु, आफ्नो कमाइमा आफ्नै नियन्त्रण हुन नदिनु, कमाइ हुने अवसरबाट वञ्चित गर्नु, जग्गा/जमिन लगायत अचल सम्पत्तिमा पहुँच हुन नदिनु, आर्थिक कारोबार गर्न नदिनु, उद्यम गर्न नदिनु, जागिर खान नदिनु आदि ।

**यौनजन्य हिंसा** : इच्छा विपरीत अश्लील चित्र/दृश्य/फिल्म देखाउनु, खिच्नु तथा बनाउनु, सामाजिक सञ्जालमार्फत् अश्लील चित्रहरू पठाउनु, यौनजन्य क्रियाकलापहरू गर्न लगाउनु, संवेदनशील अङ्गहरू छुने/समाउने, कसैको इच्छा विपरीत यौन अङ्गहरू छुन लगाउनु, ललाइफकाइ बेचबिखनमा पारी यौनजन्य कार्यमा संलग्न गराउनु, बलात्कार, सामूहिक बलात्कार, वैवाहिक बलात्कार, यौन शोषण, शैक्षिक संस्था तथा कार्यालयहरूमा गरिने यौन दुर्व्यवहार, यौनजन्य संवाद प्रस्ताव, अश्लील छेडछाड लगायत यसमा पर्दछन् । सामान्य बुझाइको लागि यौनजन्य हिंसा अन्तर्गत यौन दुर्व्यवहार, बलात्कार र हाडनाता करणी (आफन्त/रगतको नाता पर्नेबाट गरिने करणी वा बलात्कार) मा विभाजन गर्न सकिन्छ ।

## स्रोतसाधन, अवसर, सेवाबाट वञ्चित

आम्दानीको स्रोत र साधनबाट कसैलाई वञ्चित गर्नु, आयआर्जन हुने खालका काम गर्नमा रोक लगाउनु, कसैको आयआर्जन नियन्त्रण गर्नु, व्यक्तिगत सम्पतिको दुरुपयोग गर्नु वा उपभोग गर्न नदिनु, स्वतन्त्र व्यवसाय गर्न हस्तक्षेप गर्नु र स्वास्थ्य आदि सेवाबाट वञ्चित गर्नु यस अन्तर्गत पर्दछ ।

## लैङ्गिकतामा आधारित हिंसा :

लिङ्गका आधारमा शक्तिशालीबाट कमजोरमाथि गरिने भेदभावपूर्ण व्यवहारनै लैङ्गिक हिंसा हुन् । लैङ्गिक हिंसा स्थापित असमान शक्ति सम्बन्धबाट उत्पन्न हुन्छ । महिला वा पुरुष भएकै कारण हाम्रो समाजले छुट्ट्याई दिएको काम, जिम्मेवारी तथा भूमिकाहरूको आधारमा गरिने भेदभाव वा हिंसालाई लैङ्गिकतामा आधारित हिंसा भनिन्छ । जस्तै समान काममा महिला वा किशोरीलाई पुरुष वा किशोरभन्दा कम ज्याला दिनु, गर्भको भ्रुण छोरी छ भन्ने थाहा पाएर गर्भपतन गराउनु, सम्पत्ति माथि अधिकार नदिनु आदि । *(लैङ्गिकतामाआधारित हिंसाको जानकारि पेज नं. २ को परिचयमा हेर्नुहोला )*

यस्ता कार्यहरूभित्र शारीरिक, मानसिक, भावनात्मक, यौनिक रूपले पीडा दिने वा पीडा पुऱ्याउने नियतका सम्पूर्ण व्यवहारहरू पर्दछन् । त्यस्ता कार्यहरू गर्नका लागि डर, धम्कीजस्ता व्यवहारहरूदेखि लिएर व्यक्तिको आधारभूत, स्वतन्त्रता हरण (खण्डित) गर्ने किसिमका कुनै पनि प्रकारका कार्य वा व्यवहार पर्दछन् ।

त्यसैले हिंसा भन्नाले कुनै पनि व्यक्तिलाई कुनै पनि प्रकारले शारीरिक, मानसिक, सामाजिक तथा यौनजन्य वा अन्य कुनैपनि तरिकाले दुःख, पीडा, हानि, नोक्सानी पुऱ्याउने कार्य हो ।

- अब सहजकर्ताले सहभागीलाई ४ समूहमा विभाजन गर्ने र प्रत्येक समूहलाई तल दिएका हिंसाका असरहरू के के हुन सक्छन् भनी छलफल गर्न लगाई तालिम हलमा टाँस्न लगाउने । सबै समूहले टाँसिसके पछि एउटा समूहले लेखेको कुरा अर्को समूहलाई अवलोकन गर्न लगाई छलफल गर्ने । छलफलको लागि १० मिनेट र ग्यालरी अवलोकन र छलफलको लागि १५ मिनेट समय व्यवस्थापन गर्ने ।

## हिंसा भएका चित्रहरू



शारीरिक हिंसा




घरेलु हिंसा




मानसिक हिंसा





यौनजन्य हिंसा




सामाजिक हिंसा




आर्थिक हिंसा




बालश्रम शोषण





पुरुष हिंसा

### हिंसा नभएका चित्रहरू









**समूह १** : शारीरिक हिंसा

**समूह २** : मानसिक/मनोवैज्ञानिक हिंसा

**समूह ३** : यौनजन्य हिंसा

**समूह ४** : आर्थिक हिंसा

**समूह ५** : सामाजिक हिंसा

- सहभागीहरूबाट आएका कुरालाई टिप्ने । थप प्रस्ट पार्नका लागि निम्न कुरा बताइदिने ।
  - शारीरिक हिंसाको कारणले घाउचोट लाग्ने, अङ्ग भङ्ग हुने वा शरीरका भागहरू सुन्निने, कुरूप हुने, पोल्ने, गर्भ तुहिने, अपाङ्ग हुने र ज्यानै जान सक्ने सम्मका असरहरू हुन सक्छन् ।
  - मनोवैज्ञानिक हिंसाको कारणले, निराश हुने, एकोहोरिने, पढ्न मन नलाग्ने, अरूसँग घुलमिल हुन मन नलाग्ने, डराउने, खानेकुरामा रुचि नहुने, दुर्व्यसनीमा पर्न सक्ने र कहिलेकाहीँ आत्महत्याको गलत निर्णय गर्नसक्ने जस्ता असरहरू हुन सक्छन् ।
  - यौनजन्य हिंसाको कारणले अनिच्छित गर्भ रहने, यौन रोग र एच.आई.भी. हुन सक्ने, र भावनात्मक वा मानसिक चोट पुग्नसक्ने जस्ता असर हुन सक्छन् ।
  - आर्थिक हिंसाको कारणले गर्न चाहेको काम पूरा नहुने, चाहेको उद्धेश्य पूरा गर्न नपाउँदा हीनताबोध हुने, आधारभूत आवश्यक्ताहरू जस्तै चाहेको कुरा खान नपाउने, समयमा स्वास्थ्य सेवा लिन नपाउने जस्ता असरहरू हुन सक्छन् । यसले व्यक्तिलाई आत्मनिर्भर हुनबाट समेत रोक्दछ ।

- सामाजिक हिंसाको कारणले शारीरिक तथा मानसिक तनाव, सामुदायिक कार्यमा सहभागिता नहुने लगायतका असर हुन सक्छन् । यसका साथै समाजले विभेद, हिंसा र विभेदीकरणलाई समाजको अङ्गकै रूपमा सामाजिकीकरण गरेको हुन्छ । यस्ता गलत अभ्यासले समाजमा जरा नै गाडेको हुन्छ ।

- त्यसपछि सहजकर्ताले महिला हिंसाको तलको परिभाषा सबै सहभागीले सुन्ने गरी पढेर सुनाइदिने ।

महिला हिंसा भनेको महिला माथि गरिने विभिन्न किसिमका शारीरिक, यौनिक मानसिक एवम् अन्य हिंसात्मक व्यवहारहरू हुन् । यस्ताखाले व्यवहारहरूभित्र महिलामाथि गरिने कुटपिट, घरभित्र बालिका उपर गरिने विभिन्न प्रकारका शोषण, दाइजोको कारणले गरिने दुर्व्यवहार, वैवाहिक जीवन भित्रको बलात्कार, यौनच्छेदनका साथै विभिन्न किसिमका घातक सामाजिक, सांस्कृतिक परम्पराहरू पर्दछन् । तर हिंसाको परिभाषा यिनीहरूमा मात्रै सीमित भने हुँदैन । यस्ता खालका हिंसाबाट महिलाहरू मात्र नभई पुरुषहरू पनि पीडित भएका छन् ।

*(महिला माथि गरिने सबै प्रकारका हिंसा उन्मूलन गर्ने संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र - १९९३)*

**निष्कर्ष :**

- व्यक्तिगत जीवन तथा समाजमा विभिन्न प्रकारका हिंसाहरू हुन सक्छन्, जुन मानव अधिकारको विरुद्ध हुन्छ तथा कुनै पनि किसिमको हिंसा स्वीकार हुन सक्दैन र आफैंले पनि गर्नु हुँदैन ।

- कुनै पनि किसिमको हिंसा परिवार अथवा समुदायमा भएमा विरोध गर्नुपर्दछ ।

- समाजमा हिंसा महिलालाई मात्र हुने नभई पुरुषलाई पनि हुन्छ । जस्तैः पुरुषले घर बाहिर गएर कमाउनु नै पर्ने र आफ्नो परिवारको पालन पोषणको साथसाथै सम्पूर्ण आधारभूत आवश्यकता परिपूर्ति गर्नै पर्ने जिम्मेवारी लिनुपर्ने हुन्छ । हाम्रो समाजमा पुरुषको तुलनामा महिलालाई धेरै हिंसा हुने भएकाले महिला हिंसाको कुरा बढी गरिन्छ । तर पुरुषहरू पनि हिंसाबाट पीडित हुन्छन् ।

- हिंसाको स्वरुप मध्येको एक यौनजन्य हिंसाले ल्याउने असरहरू व्यापक हुन्छन् । हिंसाको परिणामस्वरूप अनिच्छित गर्भ रहने, महिलाको प्रजनन स्वास्थ्यमा असर पुऱ्याउने, असुरक्षित गर्भपतन वा अनिच्छित गर्भपतन गराउँदा विभिन्न समस्या आउने, चोटपटक, बारम्बार र उच्च जोखिमका गर्भबाट सिर्जित जटिलता र स्याहारको कमी, एच.आई.भी. समेतका यौन रोगको सङ्क्रमण, निरन्तरको स्त्रीरोगसम्बन्धी समस्या तथा मनोवैज्ञानिक समस्या समेत देखा पर्दछन् ।




३० मिनेट

# क्रियाकलाप २ :
# हिंसा हुने स्थान र सुरक्षाका उपायहरू


**उद्देश्य :** यस क्रियाकपालको अन्त्यमा सहभागीहरूले :
हिंसाका असरहरूको तालिका बनाउन सक्नेछन् ।

- हिंसा हुने स्थान, जोगिने उपाय र हिंसा भएमा सम्पर्क गर्नुपर्ने निकायहरूको बारेमा बताउन सक्नेछन् ।

**विधि :** जोखिम नक्साङ्कन



- सहभागीहरूलाई ४ समूहमा विभाजन गर्ने । (समूह छलफलका लागि १५ मिनेट र प्रस्तुतीकरणको लागि १५ मिनेट समय व्यवस्थापन गर्ने । )
- समूहलाई निम्न चित्रहरू दिने ।
  **पहिलो समूह :** घर,
  **दोस्रो समूह :** कार्यस्थल,
  **तेस्रो समूह :** विद्यालय,
  **चौथो समूह :** सार्वजनिक स्थान (बस पार्क, सार्वजनिक यातायात, सिनेमा हल, बाटो, कुवा, पाटी पौवा, आदि)















- समूहका सहभागीहरूलाई आफ्नो समूहमा परेको स्थानमा कस्तो कस्तो हिंसा हुनसक्छ भनी छलफल गर्न लगाई आएको निष्कर्षलाई टिपोट गर्ने ।
- समूहका सहभागीलाई हिंसा समाधानका विभिन्न क्षेत्रहरू उल्लेख गरिएको माथिको चित्र दिई कस्तो हिंसा हुँदा कहाँ जाने भनी छलफल गर्न लगाउने र स्थानीय स्तरमा यी मध्ये कुन कुन सेवाहरू उपलब्ध छन् भनी छलफल गर्न लगाउने ।
- समूहलाई पालैपालो प्रस्तुत गर्न लगाउने ।

सहजकर्ताले हिंसा हुँदा जोगिने विभिन्न उपायहरू हुन्छन् जस्तै घरभित्र हुने हिंसाबाट बच्नका लागि शङ्कास्पद व्यक्तिको सङ्गत नगर्ने, त्यस्ता व्यक्ति सामु एक्लै नबस्ने, हिंसा हुन लागेमा चिच्याउने, आफ्नो विश्वासिलो व्यक्ति (आमा, बुबा, साथी, दिदी भाइलाई जानकारी दिने, घरमा एक्लै नबस्ने, हिँडडुल गर्दा सकेसम्म अरूले देख्ने वा भाग्न मिल्ने बाटो भएको स्थानको प्रयोग गर्नुपर्दछ ।

त्यसैगरी समुदायमा आधारित संयन्त्रहरू जस्तै आमा समूह, किशोरकिशोरी तथा बाल क्लब, लैङ्गिक हिंसा हेर्ने समूहहरूले पनि हिंसा समाधान वा न्यूनीकरण गर्नमा सहयोग गर्न सक्छन् भनी जानकारी गराउनु पर्दछ ।

**हिंसा भएको खण्डमा जान सकिने निकायहरू :**

सेवा प्रदायक निकायहरू (स्वास्थ्य चौकी, अस्पताल, गा.वि.स., प्रहरी, प्रशासन राष्ट्रिय स्तरमा राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानव अधिकार आयोग आदि )

- सहभागीलाई सहभागी अभ्यास पुस्तिका १४.१.१. मा दिएको हिंसा हुने स्थान र हिंसा भएमा उपचारका लागि जाने निकाय भर्न लगाउने ।




अदालत




प्रहरी कार्यालय




समुदायमा आधारित संयन्त्र




मानव अधिकारवादी संस्था




बाल क्लब




स्वास्थ्य संस्था




गा.वि.स.




महिला आयोग



महिला समूह

**निष्कर्ष :**

- विभिन्न स्वरूपका हिंसाहरू घर, कार्यस्थल, विद्यालय, सार्वजनिक स्थान, बस पार्क, रेस्टुरेन्ट लगायतका ठाउँमा हुन सक्छन् ।
- हिंसालाई सहेर बस्नु हुँदैन, उपयुक्त समाधानको उपाय खोजी गर्नु पर्दछ ।
- समाजमा हिंसा पीडित कोही भएमा उनीहरूलाई सक्दो सहयोग गर्नुपर्दछ ।
- हिंसा कानुन विपरीतको कार्य हो र हिंसा गर्ने व्यक्तिलाई कानुनी कारवाही हुन्छ ।
- हामी आफूले पनि हिंसा गर्नु हुँदैन र अरूले गरेमा सहेर बस्नु पनि हुँदैन ।

१० मिनेट

## सिकाइ मापन

- आजको सत्रबाट सिकेका मुख्य सिकाइहरू केके भए भनी सोध्ने ।
- छलफलको अन्त्यमा सहभागीहरूलाई सत्रमा सिकेका मुख्य मुख्य कुराहरूमध्ये आउने ७ दिन भित्र के के गर्न सकिन्छ लेख्न लगाउने ।



# पाठ्य सामग्री :

## हिंसा

कुनै पनि व्यक्तिलाई शारीरिक, मानसिक, आर्थिक तथा यौनजन्य यातना दिनु तथा दुर्व्यवहार गर्नु हिंसा हो । हिंसा भनेको शरीरमा चोटपटक पुऱ्याउनु मात्रै होइन, गालीगलौज गर्नु तथा भावनामा चोट पुऱ्याउनु पनि हिंसा हो । जातीय, धार्मिक, सांस्कृतिक रीतिरिवाजका आधारमा गरिने भेदभावपूर्ण व्यवहार पनि हिंसाभित्र पर्दछ ।

हाम्रो समाजमा विभिन्न प्रकारका हिंसाहरू भइरहेका हुन्छन् । यसको सिकार हुनबाट गर्भमा रहेको भ्रुणदेखि शिशु, बालक, युवा, वृद्ध, रोगी, निरोगी कोही पनि अछुतो रहेका छैनन् । हिंसाकै कारणबाट समाजमा विखण्डन, व्यक्ति व्यक्ति बिचमा वैमनस्यता र युद्धहरू भएको पाइन्छ ।

हिंसाका सम्बन्धमा विश्व स्वास्थ्य सङ्गठनको यस्तो परिभाषा रहेको छ-

"The intentional use of physical force or power, threatened or actual, against oneself, another person, or against a group or community, that either results in or has a high likelihood of resulting in injury, death, psychological harm, maldevelopment or deprivation." WHO, 2002

" हिंसा भनेको आफ्नै विरुद्ध, अर्को व्यक्तिका विरुद्ध वा कुनै समूह तथा समुदायका विरुद्ध कसैले भौतिक शक्तिको नियतवश प्रयोग गर्ने धम्की दिनु वा प्रयोग गर्नु हो, जसको परिणामले पीडित घाइते हुने, उसको मानसिक तथा शारीरिक क्षति पुग्ने, व्यक्तिगत विकासमा अवरोध पुग्ने तथा मृत्यु हुने हुन्छ या यस्ता खतराको संभावनालाई बढाउँछ ।

समाजमा विभिन्न रूपले हिंसा भइरहेको हन्छ । यसका प्रकार, कारण, यसबाट व्यक्ति र समाजमा पर्ने असरहरू, यसबाट बच्ने उपायहरू सम्बन्धी ज्ञान र सीपको विकास गर्न सकेमा यसका कारणले हुने हानि नोक्सानी कम गर्न सकिन्छ । यतिमात्र नभई हिंसाको वर्तमान अवस्था, यौनजन्य हिंसाका स्वरूपहरू, समुदायभित्र प्रचलित मूल्यमान्यता र गलत धारणाहरू, हिंसा प्रभावित तथा दुर्व्यवहार गर्ने बिचको शक्ति सम्बन्धबारे प्रश्न उठाउने र यसप्रकारको शक्ति सम्बन्ध र संरचना हटाउन सकेमा हिंसाबाट हुने दुष्परिणामलाई कम गर्न सकिन्छ ।

## हिंसाका प्रकारहरू

हिंसा धेरै प्रकारका हुने गर्दछन् । हिंसाको प्रकृति र अवस्था हेरेर हिंसालाई शारीरिक हिंसा, मनोवैज्ञानिक हिंसा, सामाजिक हिंसा, जातीय हिंसा, लैङ्गिकतामा आधारित हिंसा, आर्थिक हिंसा, यौनिक हिंसा आदिमा विभाजन गर्न सकिन्छ ।

शारीरिक हिंसा :

शारीरिक रूपमा चोटपटक वा हानि नोक्सानी पुग्ने गरी बल वा शक्तिको प्रयोग गर्नु, कुटपिट गर्नु, हातहतियारको प्रयोग गरी आक्रमण गर्नु आदि ।

**मनोवैज्ञानिक हिंसा** :

मनोवैज्ञानिक रूपमा असर पार्ने उद्देश्यले अरूलाई डर, त्रास देखाउनु, धम्की दिनु, होच्याउनु, अपमान गर्नु र लगातार आलोचना गर्नु, आरोप वा बात लगाउनु वा दोष थोपर्नु, बेवास्ता गर्नु आदि ।

**सामाजिक हिंसा** :

सामाजिक मूल्य मान्यता र विभिन्न सामाजिक सांस्कृतिक प्रचलनका आधारमा गरिने हिंसालाई सामाजिक हिंसा भनिन्छ । जस्तै बाल विवाह, बहु विवाह, अनमेल विवाह, छाउपडी प्रथा, देउकी प्रथा, दाइजो प्रथा, बोक्सीको आरोप, छोरा नपाएको आधारमा महिलालाई गरिने विभेद, जात जातिको आधारमा गरिने भेदभाव, एकल महिलालाई गरिने विभेद आदि ।

**आर्थिक हिंसा** :

घरभित्र र बाहिर आर्थिक रूपमा आयआर्जन हुने खालका काम गर्नमा रोक लगाउनु, आर्थिक निर्णय नदिनु, उपलब्ध भएर पनि आवश्यक पर्ने खर्च (पैसा) नदिनु, कमाउन/व्यवसाय गर्न नदिनु, कुनै पनि आम्दानीको स्रोतबाट वञ्चित गर्नु, आफ्नो कमाइमा आफ्नै नियन्त्रण हुन नदिनु, कमाइ हुने अवसरबाट वञ्चित गर्नु, जग्गा/जमिन लगायत अचल सम्पत्तिमा पहुँच हुन नदिनु, आर्थिक कारोबार गर्न नदिनु, उद्यम गर्न नदिनु, जागिर खान नदिनु आदि ।

**यौनजन्य हिंसा** :

इच्छा विपरीत अश्लील चित्र/दृश्य/फिल्म देखाउनु, खिच्नु तथा बनाउनु, सामाजिक सञ्जालमार्फत् अश्लील चित्रहरू पठाउनु, यौनजन्य क्रियाकलापहरू गर्न लगाउनु, संवेदनशील अङ्गहरू छुने/समाउने, ललाइफकाइ बेचबिखनमा पारी यौनजन्य कार्यमा संलग्न गराउनु, बलात्कार, सामूहिक बलात्कार, वैवाहिक बलात्कार, यौन शोषण, शैक्षिक संस्था तथा कार्यालयहरूमा गरिने यौन दुर्व्यवहार, यौनजन्य संवाद प्रस्ताव, अश्लील छेडछाड लगायत यसमा पर्दछन् । सामान्य बुझाइका लागि यौनजन्य हिंसा अन्तर्गत यौन दुर्व्यवहार, बलात्कार र हाडनाता करणी (आफन्त/रगतको नाता पर्नेबाट गरिने करणी वा बलात्कार) मा विभाजन गर्न सकिन्छ ।

**स्रोतसाधन, अवसर, सेवाबाट वञ्चित**

आम्दानीको स्रोत र साधनबाट कसैलाई वञ्चित गर्नु, आयआर्जन हुने खालका काम गर्नमा रोक लगाउनु, कसैको आयआर्जन नियन्त्रण गर्नु, व्यक्तिगत सम्पतिको दुरुपयोग गर्नु वा उपभोग गर्न नदिनु, स्वतन्त्र व्यवसाय गर्न हस्तक्षेप गर्नु र स्वास्थ्य आदि सेवाबाट वञ्चित गर्नु जस्ता व्यवहारहरू यस अन्तर्गत पर्दछ ।

## लैङ्गिकतामा आधारित हिंसा :

महिला वा पुरुष भएकै कारण हाम्रो समाजले छुट्ट्याइदिएको काम, जिम्मेवारी तथा भूमिकाहरूको आधारमा गरिने भेदभाव वा हिंसालाई लैङ्गिकतामा आधारित हिंसा भनिन्छ । जस्तैः समान काममा महिला वा किशोरीलाई पुरुष वा किशोरभन्दा कम ज्याला दिनु, गर्भको भ्रुण छोरी छ भन्ने थाहा पाएर गर्भपतन गराउनु, सम्पत्ति माथि अधिकार नदिनु आदि ।

यस्ता कार्यहरूभित्र शारीरिक, मानसिक, भावनात्मक, यौनिक रूपले पीडा दिने वा पीडा पुर्‍याउने नियतका सम्पूर्ण व्यवहारहरू पर्दछन् । त्यस्ता कार्यहरू गर्नका लागि डर, धम्कीदेखि लिएर व्यक्तिको आधारभूत, स्वतन्तत्रता हरण (खण्डित) गर्ने किसिमका कुनै पनि कार्य वा व्यवहार पर्दछन् ।

त्यसैले हिंसा भन्नाले कुनै पनि व्यक्तिलाई कुनैपनि प्रकारले शारीरिक, मानसिक, सामाजिक तथा यौनजन्य वा अन्य कुनै पनि तरिकाले दुःख, पीडा, हानि, नोक्सानी पुर्‍याउने कार्य हो ।

## हिंसाको वर्तमान अवस्था

हाम्रो समाजमा केही घटनामा पुरुष पनि हिंसामा परेको देख्न त सकिन्छ तर पितृसत्तात्मक समाज भएकाले पुरुषको तुलनामा महिलामाथि बढी हिंसा भएको पाइन्छ । यहाँ केही तथ्यहरू उल्लेख गरिएको छ :

- नेपालमा हरेक ५ जना मध्ये १ जना महिला शारीरिक हिंसाबाट र १० मध्ये १ जना महिला यौन हिंसाबाट पीडित भइरहेका छन् । (नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण २०११)
- नेपालमा हरेक १० जना मध्ये १ जना १५ देखि १९ वर्षकी कशोरीले गर्भावस्थामा शारीरिक हिंसाको अनुभव गरेकी हुन्छिन् । (नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण २०११)
- OPMCM/TAF/CREHPA नामक संस्थाहरूले नेपालका केही गाउँहरूमा लैङ्गिकतामा आधारित हिंसाको बारेमा एक अध्ययन गरेको थियो । उक्त अध्ययनले लगभग आधा जसो नेपाली महिला (४८ प्रतिशत) ले आफ्नो जीवनभरमा कुनै न कुनै समयमा हिंसाको अनुभव गरेको र २८ प्रतिशतले गएको १२ महिनामा हिंसाको अनुभव गरेको देखाएको थियो । (OPMCM, 2012)
- आफ्नो जीवनमा कुनै न कुनै समयमा शारीरिक वा यौनिक हिंसा अनुभव गरेका मध्ये ४ जनामा ३ जनाले कुनै पनि किसिमको मद्दत मागेको छैनन् । ३ जनामा २ जनाले हिंसाको बारेमा कसैलाई पनि भनेका छैनन् । यस्तो समस्या बढी जसो यौनिक हिंसामा परेका महिलाहरूमा देखिएको छ र ७ प्रतिशतले मात्र हिंसाको रिपोर्ट गरेका छन् । (नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण २०११)

## हिंसाका कारण

हिंसाका विभिन्न कारणहरू हुन सक्छन् । तीमध्ये केही यहाँ दिइएको छ ।

१. **पितृसत्तात्मक सोच र मान्यता** : हाम्रो समाज पुरुषप्रधान समाज हो । अझै पनि पुरुषहरूले सधैँ आफूलाई घरभित्र वा समाजमा निर्णय गर्ने कुरामा अगाडि राख्ने भएकाले महिलाहरू हिंसाको सिकार भइरहेका छन् । छोरालाई विशेष प्रथमिकता दिने हुँदा छोरी जन्मँदा थुप्रै महिलाहरूले पिटाइ खानुपर्ने, सुत्केरी अवस्थामा उचित स्याहारसुसार नपाउने र विभिन्न आरोपहरू सहन बाध्य हुनुपरेको छ । महिलालाई शिक्षा दिनु हुँदैन, खानामा पनि छोरीलाई भन्दा छोरालाई मीठो, ताजा र पहिलो प्राथमिकतामा राख्ने, महिलाहरू सधैँ पुरुषको निगरानीमा बस्नुपर्ने जस्ता सोच तथा मान्यताहरू हाम्रो समाजमा व्याप्त रहेका छन् । यस्ता सोच र मान्यताहरूलाई परिवर्तन गर्नु जरुरी छ ।

२. **शिक्षा र चेतनाको कमी** : हिंसा गर्नु कानुन विपरीत तथा सामाजिक अपराध हो । हिंसाको कानुनी उपचार छ र सहेर बस्नु हुँदैन भन्ने थाहा हुँदाहुँदै पनि हिंसा गर्ने, हिंसा सहेर बस्ने जस्ता घटनाहरू समाजमा रहिआएका छन् । त्यसैले हिंसा आफू पनि गर्नुहुँदैन र अरूले गरेमा सहेर पनि बस्नु हुँदैन भन्ने जानकारी दिनु आवश्यक छ ।

३. **कानुनको अपर्याप्तता र फितलो कार्यान्वयन** : हिंसा विरुद्ध विभिन्न कानुनहरू भए तापनि कानुन कार्यान्वयनमा भएका कमी कमजोरीहरूले गर्दा समाज हिंसा मुक्त बन्न सकेको छैन । मानिसलाई बेचबिखन गर्नु पनि हिंसा हो । हाम्रो देशका लागि यो एक चुनौतीको रूपमा रहेको छ । व्यक्तिलाई घरेलु कामदारको रूपमा प्रयोग गर्न, यौन व्यवसायमा लगाउन, सर्कसका लागि मात्र नभई मिर्गौला र अन्य शरीरका विभिन्न अङ्गहरूको व्यापार गर्न पनि मानव बेचबिखन हुने गरेको छ । यस्तो कार्य गर्नेहरूका लागि कडाभन्दा कडा सजायको व्यवस्था गरिनु पर्छ ।

४. **धर्मका नाममा गरिने गलत क्रियाकलापहरू** : धर्मका नाममा गरिने गलत क्रियाकलापका कारणले पनि हिंसाका विभिन्न घटनाहरू भइरहेका छन् । जस्तै हिन्दु धर्मअनुसार छोराको पिण्डदानले स्वर्गको ढोका खुल्छ भन्ने विश्वासले भ्रूणको लिङ्ग पहिचान गरी छोरी भएमा हत्या गर्ने प्रवृत्तिले व्यक्तिले जन्म लिन पाउने

अधिकारको हनन भएको छ । सानो र ठूलो जात भन्ने मान्यताले मन्दिर प्रवेशमा रोक लगाउने, सार्वजनिक सेवा लिन बन्देज लगाउने, पानी छोइदिएको आरोपमा पनि हिंसा भएको हुन्छ । यस्ता गलत धारणाहरूलाई परिवर्तन गरिनु पर्दछ ।

५. **राजनीतिक द्वन्द्व र अस्थिरता** : लामो समयदेखि देशमा विद्यमान राजनीतिक अस्थिरताको कारणले विभिन्न किसिमका राजनीतिक द्वन्द्व र अस्थिरता भइरहेको छ जसको कारणले विभिन्न हिंसात्मक गतिविधिहरू वृद्धि हुने, हिंस्रक समूहहरूको जन्म हुने र समाजमा अराजकता बढ्ने गरेको छ । जस्तैः एक राजनीतिक समूहले अर्कोलाई दबाउन खोज्ने, राजनीतिक आस्थाका आधारमा कसैलाई समर्थन गर्ने वा विरोध गर्ने जस्ता घटनाले व्यक्तिको स्वतन्त्रतामा आँच आउँछ र हिंसा सुरु हुन्छ जसको उदाहरण हाम्रो माझ ज्वलन्त रूपमा रहेको छ । त्यसैले राजनीतिक अस्थिरताको अन्त्य हुनु जरुरी छ ।

६. **हिंसा सहेर पनि बसी रहने संस्कृति** : पीडित भएपछि समाजबाट तिरष्कृत हुनुपर्छ वा परिवारबाट बहिष्करणमा परिन्छ भन्ने भयले गर्दा हिंसालाई सहेर बस्ने परिपाटी हाम्रो समाजमा रहँदै आएको छ । हिंसा गर्नु गैर कानुनी र सामाजिक अपराध भएकाले हिंसा गर्ने व्यक्ति वा समूहलाई कानुनी रूपमा कारवाही गरिनुपर्दछ । पीडितले घटनालाई बाहिर ल्याई हिंसा विरुद्धको लडाइँमा लागिपरेमा हिंसा विरुद्धको लडाइँ जित्न सकिन्छ ।

सत्र

# १४.२

# बाल विवाह

**उद्देश्य :**

**यस सत्रको अन्त्यमा सहभागीहरूले :**

- बाल विवाह भनेको के हो भन्ने बताउन सक्नेछन् ।
- बाल विवाह हुनाका कारण र यसका असरहरू लेख्न सक्नेछन् ।
- बाल विवाह रोक्न किशोरकिशोरीहरूको भूमिकाका सम्बन्धमा सहभागीहरूबिच छलफल गरी निष्कर्ष निकाल्न सक्नेछन् ।

**समय :**

२ घण्टा

**आवश्यक सामग्रीहरू :**

सेतो पाटी, बोर्ड मार्कर न्युजप्रिन्ट, मेटाकार्ड, ।

**विधि :**

घटना अध्ययन, चित्र छलफल, समूह छलफल र प्रस्तुति ।

१० मिनेट

## अघिल्लो सत्रको पुनारावलोकन

अघिल्लो सत्रमा तयार पारिएको कार्य योजना कार्यान्वयन र उपलब्धिबारे छलफल गर्ने ।




| के के सिकियो ? | के के गरियो ? |
|---|---|
| | |
| | |
| | |
| | |

१०-१९ वर्ष
उमेर समूहका लागि

# क्रियाकलाप १:
# बाल विवाह

३० मिनेट

**उद्देश्य :** **यस क्रियाकलापको अन्त्यमा सहभागीहरूले :**
**बाल विवाह भनेको के हो बताउन सक्नेछन् ।**

**विधि :** **घटना अध्ययन र छलफल**

- सहभागीहरूलाई तिन समूहमा विभाजन गर्ने । समूहलाई तल दिएको छुट्टाछुट्टै घटना अध्ययन गर्न दिने । घटना अध्ययनका लागि १५ मिनेट र प्रस्तुतीकरणका लागि १५ मिनेट समय व्यवस्थापन गर्ने ।




### घटना अध्ययन १

**राजेश (१६ वर्ष) र रविना (१४ वर्ष) एक अर्कालाई मन पराउँछन् । रविनालाई उनका बाबुले अब विवाह गर्नुपर्छ भनेर दबाब दिन थालेका छन् । उनका बाबुले विवाहका लागि आफन्तसँग केटा खोज्न कुराकानी पनि सुरु गरेका छन् । बाबुको दबाबको बारेमा उनले राजेशलाई एक दिन बताइन् । परिवारको दबाबबाट बच्नका लागि राजेश र रविना घर छोडी भाग्छन् । उनीहरू सहरमा गई विवाह गर्छन् ।**

**घटना अध्ययन एक अध्ययन गर्ने सहभागीलाई छलफलका लागि प्रश्नहरू :**

१) राजेश र रविनाले किन विवाह गर्ने निर्णय गरे ?

२) अब उनीहरूको जीवनमा के कस्ता असर पर्न वा समस्याहरू आउन सक्छन् ?

३) यस्तो घटना तपाईं आफैंमा वा समाजमा भएको भए के गर्नुहुन्थ्यो ?



## घटना अध्ययन २

कक्षा १२ मा अध्ययन गर्दादेखि नै प्रेम सम्बन्धमा रहेका राजकुमार (२६ वर्ष) र कविता (२६ वर्ष) ले स्नातकोत्तरसम्मको अध्ययन गरेका छन् । कवितालाई परिवारबाट बि.ए. अध्ययन गरिरहेको बेलामा विवाहको प्रस्ताव आएकाले कविताले राजकुमारलाई विवाहका लागि अनुरोध गर्छिन् । राजकुमारले स्नातकोत्तर अध्ययनपश्चात मात्र विवाह गर्ने कुरामा कवितालाई सम्झाउँछन् । कविता पनि राजकुमारको कुरामा सहमत भई दुवै जना अध्ययनमा लाग्छन् । स्नातकोत्तर सम्मको अध्ययन गरिसकेपछि दुवैजनाले काम गर्न सुरु गरे, त्यसपछि मात्रै उनीहरूले परिवारसँगको सल्लाहमा विवाह गरे ।

**घटना अध्ययन दुई अध्ययन गर्ने सहभागीलाई छलफलका लागि प्रश्नहरू :**





१) राजकुमार र कविताले किन अध्ययन सकिएपछि मात्र विवाह गरे ?

२) अब उनीहरूको जीवन कस्तो हुन सक्छ ?

## घटना अध्ययन : ३

हरिविलास (१७ वर्ष) र सङ्गिता (१६ वर्ष) पढाइमा अब्बल छन् । हरिविलासका बाबु परशुराम उदयपुरमा एउटा संस्थामा काम गर्छन् । जिल्लामा आइपरेका विभिन्न समस्याहरूलाई समाधान गर्नका लागि जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति तथा अन्य सम्बन्धित संस्थाहरूमा गई पीडितको पक्षबाट बोलिदिने काम गर्छन् । सङ्गिताका बाबु उत्तमलाल सर्लाहीका जमिन्दार हुन् । उत्तमलाललाई आजभोलि छोरीको विवाह गर्ने कुराले निकै सताइरहेको छ । छोरीको बिहेको कुरालाई लिएर उत्तमलाल हरिविलासको घरमा पुग्छन् । परशुराम उत्तमलालको कुरा सुनेर एकदमै छक्क पर्छन् । परशुरामले उत्तमलाललाई २० वर्ष अगाडि गरिने विवाह गैर कानुनी हुने र छोराको उमेर पुगी नसकेको बताउँछन् । त्यसमा पनि सङ्गिताको त अहिले विवाह गर्ने उमेर झनै नपुगेको बताउँछन् । परशुरामले उमेर नपुगी गरिने विवाहबाट बालबालिकाको शारीरिक, मानसिक तथा प्रजनन स्वास्थ्यमा असर पर्न सक्छ, साथै बालबालिकाको पढ्न पाउने अधिकारबाट पनि वञ्चित हुनु पर्छ र उनीहरूको भविष्य समेत अन्धकार हुने बताउँछन् । उत्तमलाल परशुरामलाई विवाह गर्नका लागि अझ जोड दिन्छन् र परशुरामले मागेजति दाइजो (नगद तथा जिन्सी सामान) दिने कुरा गर्छन् । परशुरामले दाइजो लिनु र दिनु नै सामाजिक अपराध भएको बताउँछन् । परशुरामले अहिले विवाहको कुरा गर्नुको साटो छोरीको पढाइमा ध्यान दिनका लागि उत्तमलाललाई सल्लाह दिन्छन् ।

**घटना अध्ययनपछि सहभागीहरूलाई तल उल्लिखित प्रश्नहरूमा छलफल गर्न लगाउने :**





क) परशुरामले किन हरिविलास र सङ्गिताको विवाहलाई अस्वीकार गरे ?

ख) परशुरामले दाइजो लिन किन अस्वीकार गरे ?

ग) तपाईं हरिविलास वा सङ्गिताको ठाउँमा हुनुभएको भए के गर्नुहुन्थ्यो ?

घ) यस्तो घटना तपाईं आफैंमा वा समाजमा भएको भए के गर्नुहुन्थ्यो ?

त्यसपछि सहजकर्ताले बाल विवाह भन्नाले के बुझियो भनी सोध्ने । केही सहभागीहरूको भनाइ लिइसकेपछि बाल विवाहको निम्न परिभाषा सबै सहभागीलाई सुनाई छलफल गराउने :

**संरक्षक/अभिभावकको मन्जुरी भए महिला र पुरुषको उमेर १८ वर्ष र संरक्षक/अभिभावकको मन्जुरी नभएमा २० वर्ष नपुगी गरिएको जुनसुकै विवाह बाल विवाह हो ।**

**हाम्रो बुझाइका लागि विवाहलाई साधारणतया ३ प्रकारमा बाँड्न सकिन्छ : मागी विवाह, प्रेम विवाह र जबरजस्ती विवाह ।**

### १ मागी विवाह

बुवा आमा वा परिवारका वयस्क मानिसहरूको सहजीकरण वा उनीहरूको सरसल्लाहमा मागेर वा दिएर गरिने विवाह मागी विवाह हो । यसमा प्रायः अभिभावकले पहिला निर्णय गरेपछि केटा वा केटीलाई सोध्ने गरिए तापनि केटा वा केटीको पूर्ण मन्जुरी नभएको अवस्था पनि हुन सक्तछ ।

### २ प्रेम विवाह

केटा र केटी राजीखुसीले आफैं मन पराएर गर्ने विवाह प्रेम विवाह हो । प्रेम विवाहमा घर सल्लाह नमिलेमा विवाह गर्ने केटा र केटी घरबाट भाग्ने पनि गरेको पाइन्छ । प्रेम विवाहमा घर सल्लाह मिलेमा परम्परा र संस्कृति अनुसार नै विवाह गर्ने चलन पनि छ ।

### ३ जबरजस्ती विवाह

विवाह गर्ने केटा वा केटीमध्ये कुनै एक वा दुवैजनाको स्वीकृति बेगर गरिदिने विवाहलाई जबरजस्ती विवाह भनिन्छ । सबै बाल बिवाह जबरजस्ती विवाह हुन् । कहिलेकाहीँ सामाजिक पर्व वा अवसरमा बल प्रयोग गरी केटा पक्षले केटीलाई जबरजस्ती भगाई विवाह गर्ने, केटीका बुबा आमालाई लोभ देखाएर वा राजी गराएर केटीको सहमति नलिई जबरजस्ती विवाह गर्ने गरिएको पनि पाइएको छ ।

- जबरजस्ती विवाह गैरकानुनी हो र कानुनअनुसार विनामन्जुरी जबरजस्ती विवाह गरिदिए विवाह बदर हुनुका साथै विवाह गरिदिनेलाई दुई वर्षसम्म कैद हुन्छ ।
- त्यसैगरी बाल विवाह गर्नु कानुनी अपराध हो । दाइजो लिनु र दिनु दुवै गैरकानुनी तथा सामाजिक अपराध हुन् भनी आफ्ना परिवारका सदस्यहरू तथा अभिभावकलाई जानकारी गराई यस्ता कार्यहरू गर्नु हुँदैन र गरेमा कानुन अनुसार सजाय हुन्छ भन्ने कुरा परिवारका सदस्यहरूलाई बताउनुपर्छ ।

**निष्कर्ष :**

- आफ्ना अभिभावक र समुदाय सबैलाई सानो उमेरमा आफ्ना छोराछोरीको विवाह गर्नुको साटो अध्ययनलाई निरन्तरता दिनुपर्छ भनी सम्झाउनु पर्छ ।
- यदि कुनै सहभागी विवाहित भएमा उसमा नकारात्मक सोच नआओस् भन्नका लागि सहजकर्ताले विवाह भएका अवस्थामा वैवाहिक जीवन कसरी सफल र खुसीमय बनाउन सकिन्छ भनी श्रीमान् र श्रीमती मिलेर विभिन्न उपायहरूको अवलम्बन गर्न सकिन्छ भनी प्रोत्साहन गर्नुपर्छ ।

१०-१९ बर्ष
उमेर समूहका लागि

४५ मिनेट

# क्रियाकलाप २ :
# बाल विवाहका कारण र असर

**उद्देश्य** : यस क्रियाकलापको अन्त्यमा सहभागीहरूले :
बाल विवाह हुनाका कारण र यसका असरहरू लेख्न सक्नेछन् ।

**विधि** : प्रश्नोत्तर

- क्रियाकलाप १ मा अध्ययन गरिएका घटनाहरूलाई स्मरण गर्न लगाउने ।
- त्यसपछि सहजकर्ताले बाल विवाह के कारणले हुन्छ भनी सोध्ने र सहभागीहरूबाट आएका भनाइहरूलाई ह्वाइट बोर्डमा टिप्दै जाने ।
- थप प्रस्टताका लागि निम्न कारणहरू पनि हुन सक्दछन् भनी बताइदिने ।




सहभागीहरूबाट आइसकेको भनाइहरूलाई नदोहोर्‍याउने ।

- अभिभावकमा शिक्षा र चेतनाको कमी । उनीहरूमा बाल विवाह गर्नाले हुने असरहरूको बारेमा जानकारी नहुनु
- प्रेम विवाह गर्ने जोडीमा सानैमा विवाह गर्दा आई पर्ने नकारात्मक असरको जानकारीको कमी हुनु र देखासिकी गर्नु । परम्परागत मूल्य मान्यता जस्तै छोरी आखिर अर्कांकै घर जानै पर्ने भन्ने सोच धार्मिक सोच (बाल विवाह गरे पुण्य कमाउने, स्वर्गको ढोका खुल्ने आदि)
- दाइजो प्रथा (जस्तैः जति उमेर बढी भयो उती बढी दाइजो दिनु पर्ने बाध्यता)

त्यसपछि सहजकर्ताले पुनः बाल विवाहको असरहरू के के हुन सक्छन् भनी सोध्ने । सहभागीहरूबाट आएका भनाइहरूलाई ह्वाइट बोर्डमा टिप्ने । सहभागीहरूबाट आइसकेको भनाइहरूलाई नदोहोऱ्याउने ।

- शारीरिक रूपमा परिपक्व नभई यौन सम्पर्क राख्नुपर्ने
- गर्भनिरोधक साधनहरूको बारेमा थाहा नहुने
- जोखिमपूर्ण गर्भावस्था हुन सक्ने/कम तौलको बच्चा जन्मिने र बच्चा र आमा दुवैको मृत्यु हुन सक्ने
- पाठेघर खस्ने सम्भावना हुने
- विभिन्न यौनजन्य सङ्क्रमणहरू हुन सक्ने,
- असुरक्षित गर्भपतन हुन सक्ने,
- विद्यालय शिक्षाबाट वञ्चित हुनुपर्ने
- घरेलु हिंसामा पर्न सकिने
- सानै उमेरमा बाबुआमाको जिम्मेवारी वहन गर्नुपर्ने
- बढी सन्तान हुने,
- सामाजिक सवालहरूमा सहभागी हुन नपाउने,
- जीविकोपार्जनमा समस्या देखा पर्ने

**निष्कर्ष :**

- बाल विवाह गर्नाले उनीहरूको प्रजनन स्वास्थ्यमा असर पर्नुका साथै किशोर अवस्थामा नै कामको बोझ खेप्नुपर्ने, स्कुल जान नपाउने, विभिन्न किसिमका हिँसाको सामना गर्नुपर्ने, शारीरिक अवस्थामा परिपक्व नभइकन यौन सम्पर्क राख्नुपर्ने, तथा इच्छाविना सानै उमेरमा छोराछोरी जन्माएर बाबु आमाको भूमिका निर्वाह गनुपर्ने, पढाइ तथा क्यारियर सकिने, बढी सन्तान हुन सक्ने, घरेलु हिंसाबाट पीडित हुन सक्ने, कामको बोझ बढी हुने जस्ता समस्या आउन सक्दछन् । यसका साथै विभिन्न खाले नकारात्मक शारीरिक, मानसिक तथा सामाजिक प्रभावहरू पर्दछन । नैराश्यता हुने, आत्मबलको कमी हुने, सानै उमेरमा आमा बन्नु पर्ने भएकाले भविष्य अन्योल हुन सक्ने, सामाजिक सवालहरूमा वञ्चित हुने हुँदा अझ बढी जोखिममा पर्न सक्ने, जीविकोपार्जन कसरी गर्ने भन्ने थाहा नहुने साथै बाल विवाह भएका बालकमा पनि सानै उमेरमा जिम्मेवारी बढ्ने र विभिन्न किसिमका सामाजिक दबाबको सामना गनुपर्ने हुन्छ । त्यसैले बाल विवाह गर्नु हुँदैन ।
- बाल विवाह मानव अधिकार विरुद्धको कार्य हो । यो सामाजिक अपराध पनि हो । हाम्रो समाजमा कहीँ कतै बाल विवाह हुँदै छ भने समयमै रोक्नका लागि हामी सबैले पहल गर्नु समाजका सबै नागरिकको कर्तव्य हो ।

१०-१९ वर्ष
उमेर समूहका लागि

# क्रियाकलाप ३ :
# बाल विवाह रोक्न किशोरकिशोरीको भूमिका

३० मिनेट

**उद्देश्य :** यस क्रियाकलापको अन्त्यमा सहभागीहरूले :
बाल विवाह रोक्न किशोरकिशोरीहरूको भूमिकाका सम्बन्धमा सहभागीहरूबिच छलफल गरी निष्कर्ष निकाल्न सक्नेछन् ।

**विधि :** समूह छलफल

- सहभागीलाई ४ समूहमा बाँड्ने ।
- सबै समूहलाई वालविवाह अन्त्यका लागि किशोरकिशोरीहरूको भूमिका के हुन्छ भनी छलफल गराई प्रस्तुतीकरण गर्न लगाउने । समूह छलफलको क्रममा सहजकर्ताले सहभागीहरूलाई सके सम्म आफ्नो समुदायलाई बाल विवाह मुक्त समाज वा समुदाय बनाउनका लागि केके गर्न सकिन्छ छलफल गर्न प्रेरित गर्ने । समूह छलफलको लागि १५ मिनेट र प्रस्तुतीकरणको लागि १५ मिनेट समय व्यवस्थापन गर्ने ।




त्यसपछि सहजकर्ताले सहभागीलाई उमेर पुगेर गरिएको विवाहलाई जतिसक्दो चाँडो गाविस वा नगरपालिकामा गई दर्ता गर्नुपर्दछ भनी जानकारी गराउने । यदि जन्म, विवाह, मृत्युजस्ता दर्ताहरू गाविस तथा तोकिएको निकायमा नगरेमा भविष्यमा आफूसँग सम्बन्धित विभिन्न अधिकारहरूबाट वञ्चित हुनुका साथै जरिवाना समेत लाग्दछ भनी जानकारी दिने ।


बाल विवाहको उजुरी प्रहरी कार्यालयमा ३ महिना भित्रमा दिनुपर्दछ भनि बताइदिने ।

## निष्कर्ष

- बाल विवाह अन्त्य गर्नका लागि किशोरकिशोरीको महत्त्वपूर्ण भूमिका हुन्छ । पहिलो आफूले उमेर नपुगी र सक्षम नभई विवाह नगर्ने भनी समुदायका अन्य सदस्यलाई जानकारी गराउनुपर्दछ । किशोरकिशोरीलाई शसक्त बनाउने, आमा बाबुलाई जानकारी दिने, स्कुल जान नछाड्ने र गाँउका सबै बालबालिकालाई विद्यालयमा जान प्रोत्साहन गर्ने, चाँडो विवाह गर्दाको नकारात्मक असरको बारेमा समाजलाई बुझाउने, विशेषगरी किशोरीलाई आफ्नो विवाहको बारेमा निर्णय गर्न सक्षम बनाउने । आदि काममा किशोरकिशोरीले भूमिका निर्वाह गर्नुपर्दछ ।
- आफ्नो टोल समुदाय तथा समाजलाई बाल विवाह मुक्त समाज बनाउनका लागि किशोरकिशोरीको भूमिका रहेको हुन्छ ।

५ मिनेट

## सिकाइ मापन



- आजको सत्रबाट सिकेका मुख्य सिकाइहरू के के भए भनी सोध्ने ।
- छलफलको अन्त्यमा सहभागीहरूलाई सत्रमा सिकेका मुख्य मुख्य कुराहरूमध्ये आउने ७ दिन भित्र के के गर्न सकिन्छ लेख्न लगाउने ।

# पाठ्य सामग्री

## बाल विवाह

बिहे गर्दा महिला र पुरुषको उमेर संरक्षकको मन्जुरी भए अठार वर्ष र संरक्षकको मन्जुरी नभए बिस वर्ष नपुगी बिहावारी गर्न गराउन हुँदैन । विवाह गरे गराएमा सो गर्ने गराउनेमध्ये उमेर पुगेका सबैलाई सजाय हुन्छ । केटा वा केटीको उमेर अठार वर्ष नपुगी विवाह भएको रहेछ भने अठार वर्ष उमेर पुगेपछि मन्जुरी नगरे उक्त विवाह बदर गर्न पाइन्छ ।

## वाल विवाहका प्रकार

**१ मागी विवाह**

आमाबाबु वा परिवारका वयस्क मानिसले मागेर वा दिएर गरिने विवाह मागी विवाह हो । यसमा आमाबाबु वा अभिभावकले छोरा वा छोरीको विवाह गर्ने बेला भयो भनेर केटा केटी माग्ने र विवाह गरिदिने गर्दछन् । अभिभावकले पहिला निर्णय गरेपछि केटा वा केटीलाई सोधेझैं गरे पनि केटा वा केटीको मन्जुरी वा अस्वीकृतिको अर्थ हुँदैन । केटा वा केटीलाई विवाह गर्ने कि नगर्ने निर्णय गर्न दिइँदैन ।

**२ प्रेम विवाह**

केटा वा केटी राजीखुसीले आफैं गर्ने विवाह प्रेम विवाह हो । प्रेम विवाहमा घर सल्लाह नमिलेमा विवाह गर्ने केटा र केटी घरबाट भाग्ने पनि चलन छ । प्रेम विवाहमा घर सल्लाह मिलेमा परम्परा र संस्कृति अनुसार पुनः विवाह गर्ने चलन छ ।

**३ जबरजस्ती विवाह**

विवाह गर्ने केटा वा केटीमध्ये कुनै एक वा दुवै जनाको स्वीकृति बेगर गरिदिने विवाहलाई जबरजस्ती विवाह भनिन्छ । कहिलेकाहीँ छिमेकीमा, नातामा, बाबुआमालाई थाहा नदिई केटालाई उकासेर केटीलाई भगाएर लैजा भनेर पनि गलत प्रोत्साहन गरिन्छ । यस्तो अवस्थामा केटाकेटीको प्रेम पनि भएको हुँदैन भने कतिपय अवस्थामा आमाबुबा तथा अभिभावकलाई पनि थाहा हुँदैन । कहिलेकाहीँ सामाजिक पर्व वा यस्तै मेलापर्वको अवसरमा बल प्रयोग गरी केटा पक्षले केटीलाई जबरजस्ती भगाउने चलन पनि छ । हिन्दु धर्मअनुसार सिँदुर लगाएपछि विवाह भएको मानिन्छ भनेर केटाले केटीलाई सिँदुर हाल्ने गर्दछन् । गाउँघरमा यस्तो जबरजस्ती विवाह गरिदिने चलन अझै पनि छ । विशेष गरेर जात्रा, मेलामा गएको बेला केटा पक्षले समातेर लाने, केही दिन थाहा नदिई राख्ने, अरूको घरमा लुकाउने पनि गर्दछन् । केटा पक्षले पैसा वा अरू केही दिएर वा लोभ देखाएर केटीका बुबा आमालाई राजी गराएर केटीको सहमति नलिई जबरजस्ती विवाह गर्ने गरिएको पनि पाइएको छ । यसैगरी बाबुआमालाई समेत थाहा नदिई केटीलाई बेचबेखिन गरी वा ललाइफकाई वा डरधाक देखाएर गरिने विवाह पनि जबरजस्ती विवाह हो । यस्तो विवाह गैरकानुनी हुन्छ र केटा वा केटीले चाहेमा विवाह बदर हुन्छ ।

## नेपालमा बाल विवाहको अवस्था

दक्षिण एसियाका सबै मुलुकमा बालबिवाह हुने गरेको पाइन्छ । यस क्षेत्रका तिनजना बालिकामध्ये एकजनाको विवाह अठार वर्ष नपुग्दै हुन्छ । नेपाल सरकारले गरेको एक अध्ययन अनुसार नेपालमा करिब ३४ प्रतिशत विवाह १५ वर्ष नपुगेका बालबालिकाको हुन्छ (नेपालका बालबालिका स्थिति प्रतिवदेन, २०६४) ।

सन् २०१२ मा गरिएको एक अध्ययन प्रतिवेदन अनुसार:

- २० देखि २४ वर्षका व्यक्तिहरूमध्ये ४६.२% (५२.३% महिला र ३३.८% पुरुषहरू) मा बाल विवाह भएको पाइएको छ ।
- निरक्षर र विभिन्न विशेष जातजाति तथा समुदायमा बालविवाहको मात्रा बढी पाइएको छ ।
- छोराछोरीको विवाहको (५५.९% पुरुष र ६३% महिला) निर्णय अधिकांशको अभिभावकले गर्ने गरेको पाइएको छ ।
- बाल विवाह भएमा आमाको मातृ मृत्युदर ५ गुणाले बढ्छ ।

*(स्रोत : नेपालमा बाल विवाह अध्ययन प्रतिवेदन, सेभ द चिल्डन, वर्ल्ड भिजन इन्टरनेसनल, प्लान नेपाल २०१२)*

बाल्य अवस्थामा नै विवाह गर्न बाध्य पारिनु आफैंमा बालअधिकारको हनन हो । विवाहपश्चात् पनि उनीहरू अन्य धेरै अधिकारको प्रयोग गर्नबाट वञ्चित हुन्छन् । त्यसैले १८ वर्ष नपुगी विवाह गर्नु बालअधिकारको गम्भीर उल्लङ्घन हो ।

## १.४ बाल विवाहका नकारात्मक असरहरू

१. बाल्यावस्थामा व्यक्तिको शारीरिक एवम् मानसिक विकास पूर्ण रूपमा भइसकेको हुँदैन । बालबालिकाको उज्ज्वल भविष्यको निमित्त यस्तो उमेरमा आमाबुबाको मायाममता, स्याहार र मार्गदर्शक भूमिका महत्त्वपूर्ण हुन्छ । यसैकारणले गर्दा अन्तर्राष्ट्रिय महासन्धिहरूले बालबालिकालाई सानै उमेरमा आमाबाबुबाट छुटाउन नहुने व्यवस्था गरेका हुन् । नेपालमा विवाहपश्चात् महिलाहरू श्रीमान्को घरमा जानुपर्ने भएकाले बाल विवाह गर्ने बालिकाहरू सानै उमेरमा आफ्ना आमाबुवाको मायाममता तथा मार्गदर्शनबाट वञ्चित हुने गरेका छन् ।

२. बाल्यावस्था हाँस्ने खेल्ने, पढ्ने र अभिभावकबाट हेरचाह तथा माया पाउने उमेर हो । बाल्यावस्थामा बालबालिकाले मानसिक तथा शारीरिक रूपमा धेरै जिम्मेवारी पूरा गर्न सक्दैनन् । सानै उमेरमा विवाह भएपछि बालबालिकाले पतिको घरको कामको बोझ खेप्नुपर्ने, स्कुल जान नपाउने, विभिन्न किसिमका हिंसाको सामना गर्नु पर्ने, शारीरिक अवस्थामा परिपक्व नभइकन यौन सम्पर्क राख्नुपर्ने तथा इच्छाविना सानै उमेरमा छोराछोरी जन्माएर आमाको भूमिका निर्वाह गनुपर्ने हुँदा उनीहरूले बालापन नै गुमाउँछन् । त्यसै गरी बाल विवाह भएका बालकमा पनि सानै उमेरमा जिम्मेवारी बढ्ने र विभिन्न किसिमका सामाजिक दबाबको सामना गर्नुपर्ने हुन्छ ।

३. बाल्यावस्था व्यक्तिको शारीरिक तथा मानसिक अवस्थाको तीव्र रूपमा विकास हुने अवस्था हो । नेपाली समाजमा घरको कामको बोझ हल्का गर्न सानै उमेरमा छोराको विवाह गरी बुहारी ल्याउने चलन छ । परिमाण स्वरूप बालिकाहरू विवाहपछि पतिको घरमा जोखिमपूर्ण काम गर्न बाध्य हुन्छन् । कामको ठुलो बोझका कारण उनीहरूको शारीरिक विकासमा अवरोध हुन्छ । त्यसैगरी अधिकतम समय काममा लाग्दा, स्कुल जान नपाउँदा र मनोरञ्जन गर्न नपाउँदा उनीहरूको मानसिक विकासमा समेत प्रतिकूल प्रभाव पर्दछ । यसको असर जिन्दगीभर नै रहन्छ । सानै उमेरमा विवाह गरी पतिका घरमा गएका बालिकाहरूले शिक्षाको अभावमा वयस्क भएपछि पनि रोजगारको उचित अवसर पाउँदैनन् । यसले गर्दा उनीहरू सधैं घरभित्रको काममा मात्र सीमित रहन बाध्य हुन्छन् । घरबाहिरको काम पाइहालेमा पनि जोखिमपूर्ण र कम ज्यालामा गर्नुपर्ने हुन्छ । उनीहरूमा घरेलु कामका बारेमा समेत आवश्यक सीप र ज्ञान नहुने भएकाले पारिवारिक भूमिका पनि पूरा गर्न सक्दैनन् । जसको नकारात्मक असर सम्पूर्ण परिवार र सन्तानले भोग्नु पर्छ ।

४. बाल विवाहको प्रत्यक्ष असर बालबालिकाहरूको स्वास्थ्यमा पनि पर्दछ । विवाहपछि महिलाको शरीर माथि पूर्ण नियन्त्रण पतिको हुन्छ भन्ने मान्यता नेपालमा अझै कायमै छ । नेपालमा बाल विवाहको स्वरूपलाई विश्लेषण गर्दा धेरै जसो घटनाहरूमा विवाह गर्ने केटीको भन्दा केटाको उमेर निकै बढी भएको पाइन्छ । परिमाणस्वरूप पतिलाई उमेर नपुगेकी र आफ्ना परिवार तथा अभिभावकबाट छुट्टिई अर्काको आश्रयमा पुगेकी महिलालाई पूर्ण रूपमा नियन्त्रणमा लिन सहज हुन्छ । बालिकाहरू आफ्नै पतिबाट वैवाहिक बलात्कार जस्तो यौन हिंसाको सिकार पनि बनेका छन् । सानै उमेरमा इच्छाविपरीत सन्तान जन्माउन बाध्य पारिन्छन् ।

२० वर्षमा विवाह भएका महिला भन्दा १४ वर्षका उमेरमा विवाह भएका महिलाहरू गर्भिणी अवस्थामा वा बच्चा जन्माउदा मृत्यु हुने जोखिम पाँच गुणा बढी हुन्छ भनेर विभिन्न अध्ययनहरूले देखाएका छन् । नेपालमा मातृ मृत्युदर बढी हुनाको एउटा प्रमुख कारण बाल विवाह नै हो ।

५. सानै उमेरमा विवाह भएका बालिकाहरू पतिको हिंसासहित परिवारका अन्य सदस्यबाट पनि विभिन्न किसिमका घरेलु हिंसाको सिकार हुनु बाध्य पारिन्छन् । दाइजो नल्याएको तथा अन्य विभिन्न बहानामा महिलाहरूलाई गरिएका घरेलु हिंसाका धेरै उदाहरण हामीले समाजमा देखिरहेका छौँ ।

६. नेपाली समाजमा बहुविवाहको एउटा प्रमुख कारण बाल विवाह पनि हो । बाल्यवस्थामा नै विवाह गरी पति पत्नी भएका केटाकेटीको उमेर बढ्दै गएपछि मन नमिल्ने, चाहना सोचाइ फरकफरक हुन सक्दछ । पतिले अर्को विवाह गर्ने सम्भावना बढी हुन्छ । कतिपय अवस्थामा केटीले पनि अर्को विवाह गर्ने गर्छन् ।

७. सानै उमेरमा बच्चा जन्माएर र सुत्केरी अवस्थामा स्वास्थ्यको ख्याल राख्न नसकेका कारण नेपालका महिलामा ठूलो सङ्ख्यामा पाठेघर झर्ने समस्या देखा परेको छ । यी सम्पूर्ण कारणले गर्दा परिवार, समाज र राष्ट्र नै लैङ्गिक असमानता र भेदभावको सिकार हुन पुग्दछ । परिणाम स्वरूप सभ्य, गतिशील र समानतामा आधारित समुन्नत समाज निर्माणमा अवरोध उत्पन्न हुन्छ ।

## बाल विवाह र सजाय

**उजुरी गर्ने निकाय :**
बाल विवाहको उजुरी प्रहरी कार्यालयमा दिनु पर्दछ ।

**हदम्याद :**
बाल विवाहमा थाहा पाएको मितिले ३ महिनाभित्र उजुरी गर्नुपर्दछ ।

**सजाय**

| विवाह गर्दाको उमेर | सजाय |
|---|---|
| दस वर्ष नपुगेकी बालिकाको विवाह गरे गराएको रहेछ भने | छ महिनादेखि तिन वर्षसम्म कैद र एक हजार रूपैँयादेखि दस हजार रूपैंयसम्म जरिवाना |
| दस वर्षदेखि माथि चौध वर्ष नपुगेकी बालिकाको विवाह गरे गराएको रहेछ भने | तीन महिनादेखि एक वर्षसम्म कैद र पाँच हजार रूपैँयासम्म जरिवाना |
| चौध वर्षदेखि माथि अठार वर्ष नपुगेकी नारीको विवाह गरे गराएको रहेछ भने | छ महिनासम्म कैद वा दस हजार रूपैँयासम्म जरिवाना वा दुवै सजाय |
| बिस वर्ष उमेर नपुगेको महिला वा पुरुष मानिसको विवाह गरे गराएको रहेछ भने | छ महिनासम्म कैद वा दस हजार रूपैँयासम्म जरिवाना वा दुवै सजाय |
| विवाह गर्न गराउन नहुनेमा जानी जानी विवाहको काम गर्ने पुरोहित, लमी र अरू मुद्दतीहरूमध्ये उमेर पुगेकालाई | एक महिनासम्म कैद वा एक हजार रूपैँयासम्म जरिवाना |
| विवाह भइनसकेको रीत दस्तुर पुऱ्याई छिनीसम्म सकेको रहेछ भने सो कुरा छिन्ने मुख्यलाई | पाँच सय रूपैँयासम्म जरिवाना गरी छिनी सकेको कुरा बदर हुन्छ |

जबरजस्ती वा ढाँटी विवाहको उजुरी विवाह भएको गरेको मितिले ३ महिनाभित्र जिल्ला अदालतमा दिनुपर्दछ। ढाँटी विवाह गर्ने गरिदिनेलाई पाँचसय रूपैयाँ जरिवाना हुन्छ साथै विनामन्जुरी जबरजस्ती विवाह गरिदिए बदर हुने र त्यस्तो विवाह गरिदिनेलाई दुई वर्षसम्म कैद हुन्छ। *(श्रोत - लैङ्गिक हिंसा बिरुद्धका कानुनी व्यवस्थाहरुको जानकारीपत्र - महिला, कानुन र विकास मञ्च)*

## बाल विवाह रोक्न किशोरकिशोरीको भूमिका

१. बाल विवाह र यसका नकारात्मक असरका बारेमा जानकारी राख्ने। यो सामाजिक कुप्रथा हो भन्ने कुरामा सचेत रहने। आफू नगर्ने र साथीहरूलाई पनि उमेर नपुगी विवाह नगर्न भन्ने।

२. बाल विवाह र यसका नकारात्मक असरका बारेमा बालबालिका, अभिभावक तथा परिवारका अन्य सदस्यबिच छलफल चलाउने।

३. आफ्नो वरिपरि बालबालिकाको विवाह हुन लागेको छ छैन भन्ने विषयमा चासो राख्ने र बाल विवाह हुन लागेको थाहा पाएमा नजिकैको प्रहरी कार्यालय, सामाजिक सङ्घसंस्था वा अन्य भरपर्दो निकाय तथा व्यक्तिहरूकहाँ खबर गरी बाल विवाह रोक्न मद्दत माग्ने।

### दाइजो प्रथा

माइतीपक्ष वा मावलीपक्षले छोरीलाई विवाहको समयमा उसका नयाँ घर बसाउन दिने नगद वा जिन्सी सामान वा सम्पत्तिलाई दाइजो भनिन्छ।

दाइजो एक प्रकारको सामाजिक कुरितिको रूपमा विकास हुँदै आएको छ। केटी पक्षबाट सजिलैसँग धन सम्पत्ति हडप्न सकिने भएको हुँदा विवाहित किशोरी तथा महिलालाई यातना दिने, जलाउने र मार्नेसम्मको घटना भएको पाइन्छ।

दाइजोको लोभमा विवाहित किशोरी तथा महिलाको हत्या गरिएको घटनाहरू पाइन्छ। पितृसत्तात्मक सोचका कारण कतिपय समाजमा बालिकाको जन्म हुनु भनेको आमा तथा अभिभावकको लागि दुर्भाग्य तथा अभिशाप पनि भन्ने गरिन्छ। जसका कारण छोरीलाई भेदभाव गर्ने, छोरी गर्भमा भएको थाहा भएमा गर्भपतन गराउने, छोराको मात्र चाहना राख्ने जस्ता समस्याहरू देखिन्छन्।

दाइजो प्रथाले गर्दा आमालाई मानसिक तनाव हुने, यातना, हत्या जस्ता अपराधमा वृद्धि हुने, समाजमा अरूले आफ्नी चेलीलाई धेरै दाइजो दिएको देखेर अरूका छोरीका आमाबाबुलाई समस्या पर्ने, समाजमा दाइजो दिने परिपाटीमा अस्वस्थ प्रतिस्पर्धा हुने, केटापक्षबाट धेरै वा महँगो दाइजोको माग गर्ने, दाइजो दिननसक्ने परिवारका चेलीबेटीको विवाहमा समस्या हुने, दाइजो दिनुपर्छ भन्ने भएर आमाबाबुले सानै उमेरमा छोरीको विवाह गराउन सक्ने जसका कारणले बाल विवाह र अनमेल विवाहको दर बढ्ने जस्ता समस्याहरू हुन सक्छन्।

दाइजो प्रथा अन्त्यका लागि किशोरकिशोरीको भूमिका :

- म दाइजो लिन्नँ र दिन्नँ भन्ने प्रतिबद्धता जनाउने
- दाइजो प्रथा विरुद्ध शिक्षा तथा जनचेतना फैलाउने
- आफ्नो परिवारमा दाइजो लिनु र दिनु गैर कानुनी हो भनी अभिभावकलाई सचेत बनाउने
- दाइजोसँग सम्बन्धित समस्या देखियो भने त्यसविरुद्ध आवाज उठाउने
- दाइजो र यसप्रकारका सामाजिक कुरीति विरुद्ध लड्नका लागि समाजलाई सङ्गठित गर्ने
- सामुदायिक सचेतनाका नियमित क्रियाकलापहरू गर्ने गराउने

सत्र

# १४.३

# घरेलु हिंसा

**उद्देश्य :**

**यस सत्रको अन्त्यमा सहभागीहरूले :**

- घरेलु हिंसा के हो र यसले कस्तो कस्तो असर पार्दछ भन्ने सम्बन्धमा बताउन सक्नेछन् ।
- घरेलु हिंसा न्यूनीकरणको उपायहरू पहिचान गर्न सक्नेछन् ।
- घरेलु हिंसा भएमा कहाँबाट र कसरी कानुनी सहयोग लिने भन्ने बारे बताउन सक्नेछन् ।

**समय :**

२ घण्टा

**आवश्यक सामग्रीहरू :**

न्युजप्रिन्ट, मार्कर, सेतो पाटी

**विधि :**

नाटक, मस्तिष्क मन्थन, समूह छलफल

## अघिल्लो सत्रको पुनरावलोकन

१० मिनेट

अघिल्लो सत्रमा तयार पारिएको कार्य योजना कार्यान्वयन र उपलब्धिबारे छलफल गर्ने ।




| के के सिकियो ? | के के गरियो ? |
|---|---|
| | |
| | |
| | |
| | |

१०-१९ वर्ष
उमेर समूहका लागि

# क्रियाकलाप १ :
# घरेलु हिंसा, यसको असर तथा न्यूनीकरणका उपायहरू

६० मिनेट

**उद्देश्य :** यस क्रियाकलापको अन्त्यमा सहभागीले :

- घरेलु हिंसा के हो र यसले कस्तो कस्तो असर पार्दछ भन्ने सम्बन्धमा बताउन सक्नेछन् ।
- घरेलु हिंसा न्यूनीकरणको उपायहरू पहिचान गर्न सक्नेछन् ।

**विधि :** नाटक प्रस्तुतीकरण र समूह छलफल

बाल विवाहको सत्रमा विभाजन गरिएका समूहका सहभागीलाई तल दिएको स्क्रिप्टको आधारमा नाटक तयार गरी प्रदर्शन गर्न लगाउने । नाटक तयारीका लागि ३० मिनेट र प्रदर्शनका लागि १५ मिनेट समय व्यवस्थापन गर्ने ।

दोस्रो समूहका सहभागीहरूलाई घरेलु हिंसासँग सम्बन्धी सन्दर्भ सामग्रीमा भएको अध्ययन सामग्री अध्ययनका लागि दिने ।



## भूमिका

हर्कबहादुर र मनमतीको विवाह भएको १८ वर्ष भयो । उनीहरूका अस्मिता, सुशिला, प्रिया र पार्वती गरी चार छोरीहरू छन् । प्रियालाई पोलियो भएको कारणले गर्दा उनको एउटा खुट्टाले राम्रो काम गर्दैन । उनले बैशाखीको साहारा लिएकी छिन् । चारैजना दिदीबहिनीहरू घर भित्रको काम गर्नमा त एकदमै निपुण छन साथै स्कुलमा पनि उनीहरूको पढाइ राम्रो छ । लगातार छोरी छोरी जन्मिएका कारणले हर्कबहादुर र मनमतीको बिचमा विवाह भएको ४/५ वर्षदेखि नै दैनिकजसो वादविवाद र झगडा हुँदै आएको छ । बाआमाको झगडाको कारणले छोरीहरूले पर्याप्त मात्रामा पढाइमा ध्यान दिन सकिरहेका छैनन् ।

**दृश्य १**

हर्कवहादुर घरको एउटा कुनामा हलो राख्दै घरभित्र छिर्छन् ।

**मनमती** : घर आउन किन यति ढिलो गऱ्या हो ?

**हर्कबहादुर** : (मुर्मुरिँदै) जति ढिला आए पनि घर नै त आएको छु नि । एक हलको मेलो जोतेर घर आउँदै छु किन ढिला आएको रे । हैन, तैंले चैं दिनभर घरमा बसेर के लछारपाटो लगाइस् हँ ?

**मनमति** : हो हो, तिमीले मात्रै गर्छौ काम, मैले दिनभरि बसेर खा'को छु , घरको धन्दा, घाँसपात को तिम्रा बाले गरिदिए ?

**हर्कबहादुर** : (मनमतीतिर अगाडि बढ्दै) हैन किन मेरा बाको नाम लिन्छेस् हँ ? विवाह भएको यत्रो वर्ष बितिसक्दा पनि एउटा छोरो जन्माउन सकिनस्, अलि अलि भाको सम्पत्ति पनि यिनै छोरीहरूले सक्ने भए, त्यसमा पनि एउटीलाई अपाङ्ग बनाइस् । अझ मेरा बाको नाम लिन्छेस् ?

(हर्कबहादुर मनमतीलाई पिट्न थाल्छन् । मनमती रुन थाल्छिन् । त्यही समयमा प्रिया बैशाखी टेक्दै आउँछिन् )

**प्रिया** : हैन बाबा किन आमालाई पिट्नु भएको ? आमाले के गर्नु भयो ?

**हर्कबहादुर** : अब यो पनि आमा गोता गई । तेरी आमाले के गरिन भन् न । यो अलच्छिनी हो । रातदिन मुख मुखै लागेकी छ, घरी यो कुरा, घरी त्यो कुरा । हैन के गर्न खोजेकी हो तेरी आमाले ?

**प्रिया** : आमाले सकेको गरिराख्नु भएको त छ नि, घरको काम, गाईवस्तु, हामीलाई खाना खाजा के गर्नु पऱ्यो अरू ? (अलि चर्को स्वरमा)

**हर्कबहादुर** : अब तँ लँगडी मलाई सिकाउन थाल्ने ? तैंले मेरो घरलाई अन्धकार बनाइस् , एकातिर आमा, अर्कातिर छोरी । अब तिमीहरूको विवाह मैले कसरी गर्नु, विवाहमा दाइजो कहाँबाट दिनु । कि तेरी आमाले नै जस्तो गर्नु हो, एउटा फुटेको कौडी नल्याएर । यस्तै हो भने अब कान्छी बुढी ल्याएर बस्छु अनि खान्छौ । (हर्कबहादुर मनमतीतिर पुनः झम्टिन्छन् । मनमती अझ डाको छोडेर रुन थाल्छिन् । आफूलाई लङ्गडी भनेर गाली गरेको सुनेर प्रिया पनि रुन थाल्छिन् ।)

यत्तिकैमा अस्मिता, सुशिला र पार्वती भित्र पस्छन् । आमा र प्रिया रोइरहेको देखेर उनीहरू पनि रुन थाल्छन् ।

**दृश्य २**

चारैजना छोरीहरू बसेर छलफल गरिरहेका हुन्छन् ।

**अस्मिता** : हैन हाम्रा बाले आमालाई रातदिन किन पिट्छन् हँ ? हुँदा हुँदा हिजो त प्रियालाई पनि त्यस्तो नमिठोसँग गाली गरे । अति नै भइसक्यो, अब त वडाध्यक्ष काकालाई भन्नु पर्ला जस्तो छ ?

**सुशिला** : हो सारै गर्न थाले बाले । आमाले छोरो नपाउनुमा आमाको दोष हो र । फेरि दाइजो चाहियो रे । हैन बाले छोरो नजन्मिनुमा आमाको कुनै दोष छैन भन्ने नबुझ्रेर पो हो कि अनि दाइजो लिनु दिनु नै सामाजिक अपराध हो भनी थाहा नपाएर पो हो कि ? हामीले बालाई एक चोटि भोलि बिहानै कुरा पो गर्ने हो कि, कुरो यस्तो हो भनेर ।

**प्रिया** : मलाई त हामीले भनेको कुरा बाले सुन्लान् जस्तो लागेको छैन, बरु त्यो गाविस स्तरीय बालबालिका संरक्षण समितिकी अध्यक्ष काकी हुनु हुन्छ नि उहाँलाई भनेर एक चोटि सम्झाउन लाउने हो कि जस्तो लाग्छ । बाले काकीले भनेको सबै कुरा मान्नु हुन्छ ।

**पार्वती** : हो मलाई पनि त्यही ठिक लाग्यो बरु भोलि नै अध्यक्ष काकीसँग कुरा गरूँ, बरु अस्मिता दिदी र सुशिला दिदीले कुरा गर्नु न ।

(सबैजना भोलि अध्यक्ष काकीसँग कुरा गरी बालाई सम्झाउने कुरामा सहमत हुन्छन् ।)

**दृश्य ३**

अस्मिता र सुशिलाले आफ्नो घरको समस्याको बारेमा अध्यक्ष काकीसँग कुरा गरिसकेका हुन्छन् । अध्यक्ष काकी हर्कबहादुरको घरमा नै आइपुग्छिन् ।

**हर्कबहादुर** : नमस्कार काकी । कताबाट बाटो बिराउनु भयो आज ? सन्चै हुनुहुन्छ ?

**अध्यक्ष काकी** : नमस्कार हर्कबहादुर भाइ । आरामै छु । अनि तपाईंलाई नि भाइ ?

**हर्कबहादुर** : खै काकी, के आराम के विराम भन्ने, ठिकै भन्नु पर्‍यो । बरु के कति कामले आउनु भयो कुन्नि ?

**अध्यक्ष काकी** : हैन भाइ के भयो र त्यस्तो पहिला भाइको सुनूँ न, अनि मेरो काम त भनिहाल्छु नि ।

**हर्कबहादुर** : खै, के भन्ने के भन्ने ! काकीलाई अलि अलि थाहा भइराखेकै कुरा हो । एउटा छोरोको चाहाना बुढेसकालको, केही गरे नि नहुने भो । वंश नै सकिने भो नि काकी ।

अध्यक्ष काकी : खासमा नि भाइ म आज तपाईंसँग यिनै विषयमा कुरा गरुँ कि भनेर आ'को हो । यो छोरा छोरी हुने कुरामा नि भाइ, बुहारीको कुनै दोष हुँदैन, यसमा त भाइ, पुरुषहरूकै बढी भूमिका हुन्छ ।

हर्कबहादुर : हो र काकी कुरो त्यस्तो पो हुन्छ ? म बुढो अनपढलाई के थाहा हुने र खै ।

**अध्यक्ष काकी** : हो नि भाइ, यस्तो कुरामा भाइ बुहारीले झगडा गर्नु भएन नि (हाँस्दै) । बरु भाइ, बुहारीलाई दाइजो नल्याएको निहुँमा, छोरो नजन्माएको निहुँमा पिट्नु हुँदैन । त्यसो गर्दा त कानुनअनुसारको कारवाही पो हुन्छ त भाइ, अब यो उमेरमा कता कारबाही भोग्नुहुन्छ ? त्यस्तो कुराले त भाइ तपाईंका छोरीहरूमा पनि एकदमै नराम्रो असर पर्छ । अझ भाइ, प्रिया त अपाङ्ग भएकाले अझ सोच्नुपर्छ । हामीले उनलाई त अझ हौसला र प्रेरणा प्रदान गर्नुपर्छ । फेरि काका तपाईंका सबै छोरीहरू पढ्नमा पनि एकदमै राम्रा छन् । अब यिनीहरूलाई त अझ राम्रो शिक्षा दिक्षा दिनु पर्‍यो हैन र काका ।

**हर्कबहादुर** : छोरीहरूलाई मैले पढ्न पठा'को नै छु पढेकै त छन् ।

**अध्यक्ष काकी** : कहाँ त्यसो भनेर हुन्छ भाइ । विद्यालय पठाउँदैमा छोराछोरीले पढ्छन् भन्ने हुन्छ र उनीहरूलाई त आमाबाबुले राम्रो रेखदेख गर्नुपर्छ । गृहकार्य गरेको छ कि छैन, विद्यालयमा केही अप्ठ्यारो परेको छ कि, शिक्षकहरूले कस्तो पढाइ राख्नु भएको छ भने जस्ता कुराहरू सोधी राख्नु पर्छ । समय समयमा हौसला दिनुपर्छ । त्यसो गर्नाले भाइ उनीहरूको पढाइ अझै राम्रो हुँदै जान्छ नि । मैले छोरीहरूबाट बुझे अनुसार त भाइले छोरीहरूलाई त्यति सोधिखोजी गरे जस्तो लागेन है ।

**हर्कबहादुर** : के गर्ने काकी सबै कुरा सोचे जस्तो नहुँदो रहेछ खै । छोरी छोरी छन् अब बुढेसकालको सहारा पनि छैन ।

**अध्यक्ष काकी** : लौ, भाइले फेरि पनि त्यही कुरा गर्नुभयो । छोरी छोरी भएर के भयो त भाइ छोरीहरूले पनि आमाबाबुको रेखदेख गरिहाल्छन् नि । उनीहरूलाई उचित शिक्षा दिक्षा दिन सकियो भने त छोराले गर्ने सबै काम गरिहाल्छन् अनि राम्रो कमाउन र आफ्नो आमाबाबुको रेखदेख पनि गर्न सक्छन् । त्यसैले भाइ अब यो उमेरमा आएर कहाँ त्यस्तो सोचेर हुन्छ । बरु भाइ जस्तो बुझ्ने मान्छे त यसो गाउँघर, छरछिमेकमा उदाहरण पो हुनु पर्छ त ।

**हर्कबहादुर** : काकीले भनेको कुरा मनासिब नै छ । अब बुढेसकालमा बुढाबुढीको झगडाले समाज हँसाउने भन्दा अरू केही होला जस्तो छैन । म तपाईंले भने जस्तै गर्छु ।

बाको कुरा सुनेर सबै छोरीहरू एकदमै खुशी हुन्छन् । मनमती पनि अबदेखि बुढासँग झगडा नगर्ने कुरा गर्छिन् । परिवारका सबै सदस्य खुसी देखिन्छन् ।

### नाटक गरिसकेपछि तल उल्लिखित प्रश्नहरूमा छलफल गर्ने :

क) नाटकका सहभागीहरूलाई नाटक गर्दा कस्तो अनुभव रह्यो भनी सोध्ने ?

ख) नाटकका दर्सकहरूलाई नाटकमा के देख्नुभयो भनी सोध्ने ?यो नाटकले दिन खोजेको मुख्य सन्देश के होला ?

घरेलु हिंसाको असरहरू केके हुन् छलफल गराउनु होस ।

- हिंसा न्यूनीकरणमा सहजकर्ता ( गाविस स्तरिय बालबालिका संरक्षण समितिका अध्यक्ष ) को भूमिका कस्तो हुन्छ ?




त्यसपछि सहभागीलाई तिन समूहमा विभाजन गर्नुहोस् र विभाजित समूहहरूमध्ये पहिलोलाई प्रश्न नं १, दोस्रोलाई प्रश्न नं. २ र तेस्रोलाई प्रश्न नं. ३ मा छलफल गर्न लगाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

१) घरेलु हिंसा भनेको के हो ?

२) घरेलु हिंसाका असरहरू के के हुन् ?

३) घरेलु हिंसा न्यूनीकरण कसरी गर्ने र कानुनी उपचार के हुन सक्छ?

त्यसपछि सहजकर्ताले सहभागीलाई निम्न कुरा प्रस्ट पारिदिनुहोस् ।

- घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ का अनुसार 'घरेलु हिंसा' भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनुपर्छ र सो शब्दले गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई समेत जनाउँछ ।
- घरेलु हिंसा आफ्नै घर परिवार, आफन्त वा नजिकको सदस्यभित्रबाट हुने भएकोले त्यस किसिमका कुनै पनि घटना आफैंमा वा आफ्ना परिवारमा भएमा हिंसा न्यूनीकरणका लागि आफ्नो विश्वासिलो व्यक्ति वा निकायमा जानकारी गराउनुपर्छ ।
- घरेलु हिंसा आफ्नै घर परिवार, आफन्त वा नजिकको सदस्यभित्रबाट हुने भएकोले त्यस किसिमका कुनै पनि घटना आफैंमा वा आफ्ना परिवारमा भएमा हिंसा न्यूनीकरणका लागि आफ्नो विश्वासिलो व्यक्ति वा निकायमा जानकारी गराउनुपर्छ ।
- घरेलु हिंसा सामाजिक अपराध हो र गैरकानुनी पनि हो । अधिकांश समयमा किशोरी वा महिलाहरू घरेलु हिंसाबाट बढी पीडित हुने भएको पाइए तापनि पुरुष वा किशोरहरूमा पनि घरेलु हिंसा भइरहेको हुन सक्छ । त्यसैले त्यसतर्फ पनि ध्यान दिन जरुरी छ ।

१०-१९ वर्ष उमेर समूहका लागि

४५ मिनेट

## क्रियाकलाप २ :

## घरेलु हिंसा न्यूनीकरणमा किशोर किशोरीको भूमिका र कानुनी उपचार

**उद्देश्य :** **यस क्रियाकलापको अन्त्यमा सहभागीले :**
**घरेलु हिंसा भएमा कहाँबाट र कसरी कानुनी सहयोग लिने भन्ने बारे बताउन सक्नेछन् ।**

**विधि :** **समूह छलफल**

सहजकर्ताले घरेलु हिंसा र त्यसको तत्कालको कानुनी उपचार भनेको निम्न कुरा हो भनी न्युजप्रिन्ट वा कालोपाटीमा लेखी सहभागीहरूमध्येबाट नै पढ्न लगाई छलफल गर्ने । (३० मिनेट)




- सहभागीलाई चार समूहमा विभाजन गर्ने ।
- विभाजित समूहलाई तलका प्रश्नमा छलफल गर्न लगाउने ।
- तपाईंको घर छिमेकमा हुने घरेलु झगडा रोक्न किशोरकिशोरीको (तपाईंहरूको) भूमिका के हुन सक्छ भनी सोध्ने ।

- समूहलाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउने र एक आपसमा सुझाव आदानप्रदान गराउने । त्यसपछि सहजकर्ताले निम्न कुरा प्रस्ट पारिदिने :

- घरेलु हिंसा भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकैले प्रहरी कार्यालय वा राष्ट्रिय महिला आयोग वा स्थानीय निकाय समक्ष लिखित वा मौखिक उजुरी दिन सक्छ । पीडितले चाहेमा सिधै अदालतमा उजुरी दिन सक्छ ।
- घरेलु हिंसा भएको नब्बे दिनभित्रमा उजुरी दिनुपर्छ ।
- हिंसा समाधानका लागि स्थानीय स्तरमा विभिन्न निकायहरू जस्तै वडा स्तरीय, गाविस स्तरीय विभिन्न संरचनाहरू, जिल्ला बाल कल्याण समिति, प्रहरी, मानव अधिकार मध्यस्थता समिति लगायत हुन्छन् ।
- आफ्नो परिवार वा साथीभाइलाई कुनै पनि किसिमको घरेलु हिंसा गर्नु हुँदैन भनी जानकारी दिन आवश्यक हुन्छ । यदि आफ्नो परिवार वा समुदायमा कुनै पनि किसिमको घरेलु हिंसा भएमा परिवारका सदस्यहरू बिच यसबारे छलफल गर्नुपर्छ । साथै कोही परिवारका सदस्य वा साथीभाइहरू घरेलु हिंसाबाट पीडित छन् भने सहयोग गर्नुपर्छ ।

## निष्कर्ष :

- घरेलु हिंसाबाट घर परिवार भित्रका एक सदस्यले अन्य सदस्यलाई शारीरिक, मानसिक तथा संवेगात्मक चोट पुग्न सक्छ जसको कारणले शिक्षा, स्वास्थ्य तथा सर्वाङ्गिीण विकासमा असर पर्न सक्छ । अझ सरल भाषामा घरेलु हिंसाको कारणले घाउचोटपटक लाग्ने, अङ्गभङ्ग हुने, गर्भावस्थामा भएमा गर्भ तुहिन सक्ने, ज्यान पनि जान सक्ने, अपाङ्ग हुन सक्ने लगायतका असरहरू हुन सक्ने भएकाले घरेलु हिंसा सहेर बस्नु हुँदैन । मानिसले घरेलु हिंसा मात्र नभई अन्य कुनै पनि किसिमका हिंसा सहेर बस्नु हुँदैन ।
- आफ्नो परिवार वा समुदायमा घरेलु हिंसाका घटनाहरू भएमा त्यसको प्रतिरोध गर्नुपर्छ र यस्ता घरेलु हिंसालाई न्यूनीकरणका लागि हामीसबै मिली सचेतना जगाउनु पर्छ ।
- घरेलु हिंसा जसलाई पनि हुन सक्छ र घर भित्रको जो कोही सदस्यले पनि गर्न सक्छ, जुन सिँगो परिवारको लागि हानिकारक हुन्छ र त्यसलाई न्यूनीकरण गर्न किशोर किशोरीको महत्त्वपूर्ण भूमिका हुन्छ ।
- सबै पुरुष पीडक होइनन् र घरेलु हिंसा न्यूनीकरण गर्न पुरुषको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ । त्यसैले यस अभियानमा किशोर तथा पुरुषहरूको सहभागिता सुनिश्चित गर्नुपर्छ ।
- घरेलु हिंसालाई अझैपनि लुकाएर राख्ने प्रचलन छ । त्यसरी हिंसालाई लुकाएर राख्नु हुँदैन ।



५ मिनेट

## सिकाइ मापन

- आजको सत्रबाट सिकेका मुख्य सिकाइहरू के के भए भनी सोध्ने ।
- छलफलको अन्त्यमा सहभागीहरूलाई सत्रमा सिकेका मुख्य मुख्य कुराहरूमध्ये आउने ७ दिन भित्र के के गर्न सकिन्छ लेख्न लगाउने ।



# पाठ्य सामाग्री

## घरेलु हिंसा

घरेलु हिंसा भन्नाले घर परिवार भित्र कुनै एक व्यक्ति वा बढी मिलेर परिवारको एक वा धेरै जनामाथि गर्ने अन्याय, अत्याचार हो । यसले पीडित व्यक्तिको अधिकार र स्वतन्त्रता हनन गर्दछ । यसभित्र मानसिक, शारीरिक र यौनजन्य हिंसा पर्दछन् । महिला वा बाल बालिका माथि हुने घरेलु हिंसा भन्नाले परिवारभित्र कुनै सदस्यले बालबालिका वा महिला माथि गर्ने भेदभाव,अन्याय, हेलचेक्राइँ, अत्याचार, शारीरिक, यातना, मानसिक चोट, यौन दुर्व्यवहार, धम्की, डर त्रास देखाउने कार्य हुन् भन्ने बुझिन्छ ।

नेपालमा प्रचलित घरेलु हिंसामा जाँड रक्सी खाई वा नखाई परिवारका सदस्यलाई कुटपिट गर्नु, गाली बेइज्जती गर्नु, छोरा नपाएकी भनेर आमालाई हेला गर्नु, अपशब्द भन्नु बोक्सीको आरोप लगाउनु, दोस्रो विवाह गर्नु, दाइजोको कुरा उठाएर निहुँ खोज्नु, घरबाट निकाला गर्नु, औषधी अपचार नगर्नु, झुटा आरोप र दोषमात्र लगाउनु आदि पर्दछन् ।

घरेलु हिंसा जुनसुकै परिवारमा पनि हुनसक्छ । धनी वा गरिब, शिक्षित वा अशिक्षित, काम गर्ने वा बेरोजगार, ठुलो वा सानो, विकसित देशमा वा विकासोन्मुख देशमा, कुनै पनि धर्म मान्ने समुदायमा घरेलु हिंसा हुने गरेको पाइएको छ । यस्तै गाउँ वा सहर, दुर्गम वा सुगम सबै क्षेत्रमा घरेलु हिंसा हुने गर्छ ।

## घरेलु हिंसाको परिचय

- घरेलु हिंसा परिवारको सदस्यबाट परिवारकै अरू सदस्यलाई गरिन्छ । घरेलु हिंसा पतिले पत्नीलाई, सासुले बुहारीलाई, आमाले छोरीलाई गरेको हुनसक्छ । त्यस्तै दाजुभाइ, काका भतिजा, जोसुकैको बिचमा पनि हुनसक्छ ।
- धेरै जसो घरेलु हिंसा नाता सम्बन्ध (ठुलाले सानालाई) या शक्तिको आधारमा गरिन्छ । तर कहिलेकाहीं सानो नाताको व्यक्तिले ठुलो नाताको व्यक्ति माथि पनि हिंसा गरेको पाइएको छ ।
- परिवारको एकजना वा धेरै सदस्यमाथि पनि घरेलु हिंसा गर्ने गरिन्छ ।
- घरेलु हिंसामा शारीरिक, मानसिक, आर्थिक यौनजन्य कुनै पनि यातना वा चोट हुन सक्छ ।

## घरेलु हिंसाको प्रभाव

घरेलु हिंसाले कशोरीलाई प्रत्यक्ष र अप्रत्यक्ष रूपले प्रभाव पारेको हुन्छ । यसले महिला तथा बालबालिकाको स्वतन्त्रताको हनन गर्छ र सम्पूर्ण विकासलाई बाधा पुऱ्याउँछ ।

### प्रत्यक्ष प्रभाव

किशोरकिशोरीले आफैं घरेलु हिंसा सहनु परेमा वा घरमा घरेलु हिंसा भइरहेको देखेमा उनीहरूलाई कम्तीमा पनि प्रत्यक्ष रूपमा तलका एक वा एकभन्दा बढी असर पर्दछन् :

- शारीरिक चोटपटक लाग्नु ।
- पीर पर्नु, चिन्ता हुनु र मानसिक रूपमा गहिरो चोट लागि अस्वस्थ हुनु ।
- निद्रामा गडबडी हुने । निद्रामा तर्सने, रुने कराउने ।
- किशोरकिशोरीले अभिभावकप्रतिको आत्मविश्वास गुमाउनु ।
- किशोरकिशोरीको आफ्नो शैक्षिक क्षमता र अन्य क्षमतामा ह्रास आउनु ।

- किशोरकिशोरीले समाजमा सबैसँग घुलमिल हुने रमाइलो गर्ने व्यवहारमा कमी आउनु र किशोरकिशोरी अन्तर्मुखी हुनु ।
- आत्महत्या गर्न मन लाग्नु ।
- घरमा बस्न मन नपराउनु ।

## अप्रत्यक्ष प्रभाव

अप्रत्यक्ष रूपमा किशोरकिशोरीमा परेको प्रभाव तुरुन्त नदेखिई धेरै वर्षपछि देखिन जान्छ । ती प्रभाव तलका एक वा एक एकभन्दा बढी हुन सक्दछन् :

- किशोरकिशोरी आक्रामक हुने, हिंसा गर्न तत्पर हुने हुन्छन् । आपराधिक भावना पनि बढ्न सक्दछ ।
- किशोरकिशोरी कसैलाई पनि विश्वास नगर्ने हुन्छन् ।
- त्यस्ता किशोरकिशोरी ठुला भइसकेपछि आफ्नै बालबालिका वा अरूलाई पनि हिंसा गर्ने गर्दछन् । ।
- घरबाट बाहिर हिँड्ने, सडकमा बस्न पुग्ने हुन्छन् ।
- छोरीले चाँडै विवाह गर्ने हुनसक्छ ।
- छिमेकीले पनि हेला गर्ने, दुर्व्यवहार गर्ने हुन्छ ।
- कुलतमा फस्ने सम्भावना बढी हुन्छ ।

हुन त घरेलु हिंसाले पीडित, पीडक तथा प्रत्यक्ष देख्ने वा परिवारका अन्य सदस्य र छिमेकीलाई समेत असर पारिराखेको हुन्छ । यसले पीडक आफैंलाई पनि असर पारिराखेको हुन्छ जसका कारण घरमा शान्ति हुँदैन रपरिवार टुक्रिन्छ । छोराछोरी घर छाड्छन् । आर्थिक अवस्था कमजोर हुन्छ, सामाजिक मर्यादा घटेर जान्छ तर पनि हिंसा गर्नेले यस्ता कुराको ख्याल गरेको हुँदैन ।

## घरेलु हिंसालाई कम गर्न किशोरकिशोरी र बाल क्लबले खेल्न सक्ने भूमिका

- घरेलु हिंसामा परेका व्यक्तिलाई सहायता लिन मद्दत गर्ने ।
- बाल क्लबका सदस्य र अन्य साथीबिच घरेलु हिंसाका बारेमा छलफल गर्ने यसलाई कम गर्ने र यसबाट बच्ने उपायको बारेमा पनि छलफल गर्ने ।
- किशोरकिशोरी, युवायुवती र विभिन्न पेसामा संलग्न व्यक्तिका बिचमा घरेलु हिंसाबारे छलफल गराउने ।
- घरेलु हिंसाका घटनालाई लिएर सामाजिक बहस गर्ने, समाधान गर्ने उपाय र रोकथाम गर्ने तरिकाका बारेमा छलफल गर्ने ।
- घरेलु हिंसा नहुने खालका व्यवहारलाई बढावा दिने र अभ्यास गर्ने । जस्तै सकारात्मक सञ्चार गर्ने, आफ्नो जिम्मेवारी निभाउने, परिवारभित्र कुरा गर्ने वातावरण मिलाउने र छलफल गर्ने ।
- हिंसा गर्ने वा गराउने व्यक्तिलाई सामाजिक बहिष्कार गर्ने ।
- महिलाहरूको सशक्तीकरणमा जोड दिने र त्यसका लागि आवाज उठाउने ।
- प्रहरी कार्यालय र अन्य सामाजिक संस्थासँग घरेलु हिंसा पीडितलाई सहयोग गर्नेबारे छलफल चलाउने । छलफलका लागि अन्य संस्थाको पनि सहयोग लिने ।
- घरेलु हिंसा कानुन विरुद्ध हो भनेर बुझाउने ।

## घरेलु हिंसा सम्बन्धी कानुनी प्रावधान

### उजुरी गर्ने निकाय

घरेलु हिंसा भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जोसुकैले प्रहरी कार्यालय वा राष्ट्रिय महिला आयोग वा स्थानीय निकाय समक्ष लिखित वा मौखिक उजुरी दिन सक्छ। पीडितले चाहेमा सिधै अदालतमा उजुरी दिन सक्ने व्यवस्था पनि छ।

### हद म्याद :

घरेलु हिंसाको कसुरमा भए गरेको मितिले नब्बे दिनभित्र उजुरी दिनु पर्दछ।

### सजाय :

- घरेलु हिंसा गर्ने व्यक्तिलाई तिन हजार रूपैयाँदेखि पच्चिस हजार रूपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ।
- घरेलु हिंसाको उद्योग वा प्रोत्साहन गर्ने वा मतियार हुनेलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ।
- घरेलु हिंसाको कसुरमा सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसुर गरेमा पटकैपिच्छे दोब्बर सजाय हुनेछ।
- सार्वजनिक जबाफदेहीको पदमा बहाल रहेको कुनै व्यक्तिले यस ऐन बमोजिमको कसुर गरेमा निजलाई थप दस प्रतिशत सजाय हुनेछ।
- कसैले दफा ६ बमोजिम अदालतबाट दिएको आदेश पालना नगरेमा त्यस्तो व्यक्तिलाई दुई हजार रूपैयाँदेखि पन्ध्र हजार रूपैयाँसम्म जरिवाना वा चार महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

### क्षतिपूर्ति :

पीडित व्यक्तिलाई घरेलु हिंसाको प्रकृति, मात्रा, पीडितलाई पुगेको पीडा र पीडितको आर्थिक तथा सामाजिक हैसियत समेतलाई विचार गरी अदालतले पीडकबाट मासिक क्षतिपूर्ति भराइदिन सक्नेछ।

सत्र

# १४.४

# यौनजन्य हिंसा

**उद्देश्य :**

यस सत्रको अन्त्यमा सहभागीहरूले :

- यौनजन्य हिंसा भनेको के हो बताउन सक्नेछन् ।
- राम्रो छुवाइ र नराम्रो छुवाइको फरक छुट्याउन सक्नेछन् ।
- आफ्ना लागि सुरक्षित क्षेत्र कुन कुन हुन सक्दछन् भन्ने बारे बताउन सक्नेछन् ।
- यौनजन्य हिंसाबाट बच्ने उपायहरूको बारेमा बताउन सक्नेछन् ।
- यौनजन्य हिंसा भएमा कहाँ, किन र कहिले स्वास्थ्य सेवा लिनुपर्दछ भन्ने व्याख्या गर्न सक्नेछन् ।
- यौनजन्य हिंसा भएमा कानुनी उपचारका लागि कहाँ सम्पर्क राख्न सकिन्छ भनी बताउन सक्नेछन् ।

**समय :**

३ घण्टा १५ मिनेट

**आवश्यक सामग्रीहरू :**

राम्रो र नराम्रो छुवाइ झल्काउने चित्र, पत्रिका, न्युजप्रिन्ट, मार्कर अथवा कालो पाटी र चक

**विधि :**

प्रश्नोत्तर, चित्र प्रस्तुतीकरण, समूह छलफल, खेल र घटना अध्ययन

## अघिल्लो सत्रको पुनरावलोकन

१० मिनेट

अघिल्लो सत्रमा तयार पारिएको कार्य योजना कार्यान्वयन र उपलब्धिबारे छलफल गर्ने ।




| के के सिकियो ? | के के गरियो ? |
|---|---|
| | |
| | |
| | |
| | |

१०-१९ वर्ष उमेर समूहका लागि

# क्रियाकलाप १ :
# यौनजन्य हिंसाको परिचय

१५ मिनेट

**उद्देश्य :** यस क्रियाकलापको अन्त्यमा सहभागीहरूले : यौनजन्य हिंसा भनेको के हो बताउन सक्नेछन् ।

**विधि :** प्रश्नोत्तर

- सहजकर्ताले सहभागीलाई यौनजन्य हिंसा भनेको के हो भनी सोध्ने ।
- सहभागीले दिएको उत्तरलाई न्युजप्रिन्टमा टिप्दै जाने ।
- त्यसपछि सहजकर्ताले तलको यौनजन्य हिंसाको परिभाषा पढेर सुनाइ केही बेर छलफल गर्ने ।




**सामान्य बुझाइका लागि यौनजन्य हिंसालाई ३ प्रकारमा बाँड्न सकिन्छ :**

**यौन दुर्व्यवहार :** कुनै पनि व्यक्तिलाई यौनिक रूपमा होच्याउने, असुरक्षित यौन सम्पर्कका लागि दबाब दिने, बलात्कार प्रयास गर्ने, अश्लील भाषा प्रयोग गरेर छेडखानी गर्ने, शरीरका संवेदनशील अङ्गहरू समाउने, अश्लील फोटोहरू खिच्न लगाउने र त्यस्ता फोटोहरू सामाजिक सञ्जालमार्फत् प्रचार प्रसार गर्ने जस्ता कार्यहरू पर्दछन् ।

**बलात्कार/जबरजस्ती करणी :** विनामन्जुरी कसैलाई जबरजस्ती यौन सम्पर्क वा करणी गरेमा बलात्कार भनिन्छ । १६ वर्ष भन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा त्यस्तो अपराधलाई पनि जबरजस्ती करणी भनिन्छ ।

**हाडनाता करणी :** आफ्नै पविारका कुनै सदस्यबाट वा नजिकको नातेदारबाट अर्थात् आफ्नै बाबु, काका, मामा, फुपाजु, भाइ, दाइ, दिदी, बहिनी, हजुरबुबा आदिबाट इच्छा विपरीत करणी गर्नु वा बलात्कार गर्नुलाई हाडनाता करणी भनिन्छ । तर आफ्नो जात वा कुलमा चलिआएको चलन अर्थात् प्रथा अनुसार विवाह गर्न हुने नाता सम्बन्धमा भएको विवाहलाई हाडनाता करणी भित्र पर्दैन ।

राष्ट्रिय जनसाङ्ख्यिक सर्वे सन् २०११ का अनुसार १५ देखि ४९ वर्षका १२ % महिलाहरूले आफ्नो जीवनमा कम्तिमा १ पटक यौनजन्य हिंसाको सामना गर्नु परेको देखिन्छ ।

**निष्कर्ष**

यौनजन्य हिंसा जहाँ र जो कोहीलाई पनि हुन सक्छ । त्यसमा पनि बालबालिका र महिलाहरू तथा अपाङ्गता भएकाहरू बढी जोखिममा रहेका हुन्छन् ।

१०-१९ वर्ष उमेर समूहका लागि

# क्रियाकलाप २ :
# राम्रो छुवाइ र नराम्रो छुवाइ


३० मिनेट

**उद्देश्य** : यस क्रियाकलापको अन्त्यमा सहभागीहरूले :
राम्रो छुवाइ र नराम्रो छुवाइको फरक छुट्याउन सक्नेछन् ।

**विधि** : चित्र प्रस्तुतीकरण र छलफल

**आवश्यक सामग्री:** राम्रो र नराम्रो छुवाइ सम्बन्धी चित्रहरू

- सहजकर्ताले सहभागीहरूलाई तल राखिएका राम्रो र नराम्रो छुवाइ झल्काउने चित्र देखाउने । सहभागीहरूलाई चित्रमा के देख्नुभयो भनी छलफल गर्ने ।



- त्यसपछि राम्रो छुवाइ र नराम्रो छुवाइ भन्नाले के बुझियो भनी सोध्ने ।
- सहभागीमध्ये केहीको भनाइ लिइसकेपछि निम्न कुरा बताइदिने ।

**राम्रो छुवाइ** : त्यस्तो छुवाइ जस्बाट हामीलाई सुरक्षित महसुस हुन्छ वा आत्मीय/नजिकको महसुस हुन्छ । त्यस प्रकारका छुवाइबाट हामी राम्रो अनुभव गर्छौं ।

**नराम्रो छुवाइ** : नराम्रो छुवाइ भनेको त्यस्तो छुवाइ हो जसबाट हामीलाई अप्ठ्यारो लाग्छ, रिस उठ्छ र फोहोरी अनुभव हुन्छ । जस्तै : हाम्रो संवेदनशील अङ्ग (खुल्ला ठाउँमा नुहाउँदा छोपिने अङ्गहरू) हरूमा छुने, बाल बालिकालाई संवेदनशील अङ्गहरू प्रदर्शन गर्नु वा छुन लगाउनु आदि ।


त्यसपछि सहजकर्ताले त्यसो भए अब नराम्रो छुवाइबाट बच्नु किन जरुरी छ भनी सोध्ने । केहीबेरको छलफलपछि नराम्रो छुवाइबाट बच्ने तलको तस्बिर देखाई छलफल गर्ने ।

## छुवाइ

कुराकानी गर्दा एकले अर्कालाई छुनु साधारण कुरा हो ।
तर छुवाइ राम्रो र नराम्रो दुवै हुन्छन् ।

हाम्रो संवेदनशील अङ्गहरु
के के हुन ?


त्यस्ता अङ्गहरु जसलाई
हामी नुहाउँदा छोप्छौं ।






**राम्रो छुवाइ :**
त्यस्तो छुवाइ जसबाट हामीलाई सुरक्षित महसुस हुन्छ वा आत्मीय/नजिकको महशुस हुन्छ । त्यस प्रकारका छुवाइबाट हामी राम्रो अनुभव गर्छौं ।

**नराम्रो छुवाइ :**
नराम्रो छुवाइ भनेको त्यस्तो छुवाइ हो जसबाट हामीलाई अप्ठ्यारो लाग्छ, रिस उठ्छ र फोहोरी अनुभव हुन्छ । जस्तै : हाम्रो संवेदनशील अङ्ग (खुल्ला ठाउँमा नुहाउँदा छोपिने अङ्गहरु)हरुमा छुने, बाल बालिकालाई संवेदनशील अङ्गहरु प्रदर्शन गर्नु वा छुन लगाउनु आदि ।




नराम्रो छुवाइ हामीले चिन्ने व्यक्ति, नजिकको साथीहरु, विश्वासिलो व्यक्ति, छिमेकी अथवा चिन्दै नचिनेको व्यक्तिबाट पनि हुन सक्छ ।



उनीहरुले यो गोप्य राख्नु र कसैलाई पनि नभन्नु भनेर उपहार दिने वा ... ...



तर्साउने गर्न सक्छ ।




## निष्कर्ष

- नराम्रो छुवाइ बाटै यौन दुर्व्यवहारको सुरुवात भई यौनजन्य हिंसासम्म हुने भएकाले यस्तो नराम्रो छुवाइबाट बच्ने उपायहरू प्रयोग गरी त्यस्ता छुवाइबाट समयमै जोगिनुपर्दछ ।
- नराम्रो छुवाइ हामीले चिन्ने व्यक्ति, नजिकको साथीहरू, विश्वासिलो व्यक्ति, छिमेकी अथवा चिन्दै नचिनेको व्यक्तिबाट पनि हुन सक्छ । त्यसैले नराम्रो छुवाइबाट बच्नुपर्छ ।

१०-१९ बर्ष
उमेर समूहका लागि

३० मिनेट

# क्रियाकलाप ३ :
# मेरा लागि सुरक्षित क्षेत्र

**उद्देश्य :** यस क्रियाकलापको अन्त्यमा सहभागीहरूले :
आफ्ना लागि सुरक्षित क्षेत्र कुन कुन हुन् भन्ने बारे बताउन सक्नेछन् ।

**विधि :** खेल

खेल सुरु गर्नुपूर्व यो खेल कुनै प्रतिस्पर्धाका लागि नभई यसले विशेष सन्देश दिने कुरा बताइ खेलमा सक्रिय सहभागी हुनका लागि सबैलाई अनुरोध गर्ने ।

*(नोट सहभागीलाई अप्ठ्यारो महसुस हुने बित्तिकै यो खेललाई रोकेर छलफलमा लैजाने)*

## पहिलो चरण

- सहभागीहरूलाई केटा केटा र केटी केटी रहने गरी दुई दुई जनाको सङ्ख्यामा विभाजन गर्ने ।



- प्रत्येक समूहलाई छुट्टाछुट्टै गरी १/१ पाना पत्रिका वा न्युजप्रिन्ट (प्रयोग भइसकेको पनि प्रयोग गर्न सकिने) दिई उक्त पत्रिकामाथि उभिन लगाउने ।
- एउटा समूहलाई ताली बजाउँदै गीत गाउन लगाउने र आफ्नो नजिकको अर्को समूहलाई पत्रिकामाथि नाच्न लगाउने । पत्रिका बाहिर नाच्ने समूह खेलबाट बाहिरिने ।
- त्यसपछि गीत बन्द गरी पत्रिकालाई आधा आधा हुने गरी फोल्ड गरी पुनः गित गाउने समूहलाई ताली बजाउँदै गीत गाउन लगाई नाच्न लगाउने ।
- पुनः गीत बन्द गरी पत्रिकालाई आधा आधा हुने गरी फोल्ड गरी पुनःगीत गाउने समूहलाई गीत गाउन लगाई नाच्न लगाउने । सहभागीहरूलाई पत्रिकाभित्र नै नाच्नका लागि प्रोत्साहित गर्ने र सहभागीहरूलाई नाच्न असहज भएपछि खेल रोक्ने ।

- यसपछि केटा र केटी रहने गरी समूह विभाजन गरी माथि उल्लेख गरिएको नियममा रही खेल खेलाउने ।
- खेल खेल्न बन्द गरी सबै सहभागीलाई निम्न प्रश्न सोधी छलफल गर्ने ।

  क) खेल कस्तो लाग्यो ?

  ख) केटा केटा र केटी केटी को समूहमा नाच्दा र केटा र केटीको समूहमा नाच्दा के फरक पाउनुभयो ?




त्यसपछि सहजकर्ताले सहभागीलाई हामी सबैको एउटा सुरक्षित अदृश्य क्षेत्र हुन्छ र सो क्षेत्रमा अन्य व्यक्तिको प्रवेश भएमा हामीलाई अप्ठ्यारो वा असहज हुन्छ । यदि असहज भएमा हामीले उक्त अवस्थालाई सहज बनाउनकालागि कुनै प्रतिक्रिया जनाउनुपर्छ ।

**निष्कर्ष :**
हामी सबैले आफ्नो सुरक्षित क्षेत्र थाहा पाउनु पर्छ ।

१०-१९ वर्ष
उमेर समूहका लागि

# क्रियाकलाप ४ :
# यौनजन्य हिंसाबाट बच्ने उपायहरू

३० मिनेट

**उद्देश्य :** यस क्रियाकलापको अन्त्यमा सहभागीहरूले :
यौनजन्य हिंसाबाट बच्ने उपायहरूको बारेमा बताउन सक्नेछन् ।

**विधि :** घटना अध्ययन र समूह छलफल

**आवश्यक सामग्री:** मेटा कार्ड, चार्ट पेपर

सबै सहभागीलाई कार्यपुस्तिका १४.४.१ मा भएको तलको कथा पढ्न लगाउने ।

रमा एकदमै सहासिक छिन् । घर र विद्यालयको बिचमा एउटा ठुलै जङ्गल लगभग ३० मिनेट जतिको पैदल दूरीमा रहेको छ । नजिकिँदै गरेको परीक्षाको कारणले रमाले विद्यालयमा अतिरिक्त कक्षा लिने गरेकी छिन् । जसले गर्दा उनी घर फर्किंदा प्रायः जसो रात परेको हुन्छ । बाटोमा रहेको जङ्गलमा रातीको समयमा यदा कदा पैदलयात्री लुटिएको कुरा रमाले पनि सुनेकी छन् । एक दिन रमा विद्यालयबाट फिर्दा अन्य दिन भन्दा अलि ढिला हुन्छ । रमालाई अलि अलि डर लागेको हुन्छ तर डर लागे पनि घरतिर नगई भएको छैन । रमा विस्तारै घर तिर लाग्छिन् । बाटामा



उनले एकजना अपरिचित पुरुष भेट्छिन् । त्यो मानिसले रमालाई बडो मिठो भाषामा बहिनी भन्दै सम्बोधन गरी बोलाउँछ र रमाको बारेमा सबै कुरा सोध्छ र आफू पनि रमाकै गाउँतिर जान लागेको कुरा जानकारी गराउँछ । रमालाई आफू एक्लै त्यत्रो जङ्गलको बाटो पार गरेर जानुपर्ने कुरामा लागेको डर त्यो मानिसलाई भेटिसकेपछि केही कम भइसकेको हुन्छ । उनीहरू गफ गर्दै हिंडिरहेका हुन्छन् । एक्कासि त्यो मानिसले रमालाई अँगालो हाल्छ र आफूतिर तान्न खोज्छ । रमा डराउँदै उक्त कुराको प्रतिकार गर्छिन् । रमालाई निकै डर लागिसकेको हुन्छ । उनको मनमा नानाथरिका कुरा खेल्न थाल्छन् । त्यो मानिसले फेरि रमालाई बहिनी मसँग मिठो चकलेट छ खाने हो भनी सोध्छ तर रमाले चकलेट मन पर्दैन भनी झुट बोल्छिन् । जबकि रमालाई चकलेट अत्यन्तै मिठो लाग्थ्यो । त्यसैगरी त्यो मानिसले आफूसँग मोवाईलमा भएको फिल्मको गीत हेर्नका लागि भन्छ । फिल्मको गीत भएकाले रमा त्यो हेर्नलाई उत्साही हुन्छिन् । तर त्यो फिल्मको भिडियो नभई यौनक्रिडा सम्बन्धी भिडियो हुन्छ । रमाले त्यो देख्ने बितिकै इन्कार गर्छिन् । उनी अझै डराउँछिन् । रमाले बाटो काट्दै जाने क्रममा त्यो मानिसले फेरि रमालाई अँगालोमा लिई जबरजस्ती म्वाँई खान खोज्छ । तर रमा त्यो व्यक्तिबाट फुत्कन सफल हुन्छिन् ।

सहभागीलाई चारवटा समूहमा विभाजन गरी तल दिएका प्रश्नहरूमा छलफल गर्न लगाउने ।

**पहिलो समूह** : तपाईं रमाको ठाउँमा भएको भए के गर्नु हुन्थ्यो ?

**दोस्रो समूह** : यौनजन्य हिंसा अन्य कस्तो कस्तो समय र परिस्थितिमा हुन सक्छ ?

**तेस्रो समूह** : यौनजन्य हिंसा भएमा कहाँ जान सकिन्छ ?

**चौथो समूह** : यौनजन्य हिंसामा परेका आफ्ना साथीहरू तथा समुदायका अन्य व्यक्तिहरूलाई कसरी सहयोग गर्न सकिन्छ ?



छलफलपछि प्रस्तुतीकरण गर्न लगाउनुहोस् । छलफलका लागि १० मिनेट र प्रस्तुतीकरणको लागि १५ मिनेट समय व्यवस्थापन गर्नुहोस् ।

त्यसपछि सहजकर्ताले निम्न कुरा बताइदिनुहोस् ।

- यौनजन्य हिंसा विभिन्न परिस्थितिमा परिवार भित्रकै सदस्यहरू, आफन्त, छिमेकी, शिक्षक, अपरिचित व्यक्ति लगायत जो कोहीबाट पनि हुन सक्छ तर त्यस्तो हिंसाबाट विभिन्न उपायहरूको अवलम्बन गर्दै सुरक्षित रहनुपर्छ । जस्तै सङ्कास्पद व्यक्तिभन्दा टाढा बस्ने, सकेसम्म एक्लै नबस्ने/नहिँड्ने, आफूलाई यौनजन्य हिंसा हुन लागेको थाहा भएमा विश्वासिलो व्यक्तिलाई जानकारी गराउने, हिंसा हुनै लागेमा अरूले सुन्ने गरी कराउने, जस्ता क्रियाकलाप गर्न सकिन्छ ।
- यौनजन्य हिंसामा परेका आफ्ना साथीभाइ तथा समुदायका अन्य व्यक्तिहरूलाई सक्दो सहयोग गर्नुपर्छ । हिंसामा परेका व्यक्तिलाई स्थानीय स्तरमा उपलब्ध भएका पारालिगल/महिला समूह वा जाने बुझेको नजिकको व्यक्तिलाई जानकारी गराइदिने साथै किशोरकिशोरीहरूले चिनेको कानुन व्यवसायी, बार एशोसिएसन वा वकिलसँग समन्वय गराउनुपर्छ भनी बताइदिने ।
- सहजकर्ताले सहभागीलाई मोबाइलको सही प्रयोग गर्न सबैले पाउने तर मोबाइलको प्रयोग गरेर कसैलाई यौनजन्य हिंसा हुने काम गर्न नहुने र त्यसो गरेमा कानुन बमोजिम कारबाही हुने जानकारी दिने ।

- इन्टरनेटको प्रयोग गरी विभिन्न सामाजिक सञ्जाल जस्तै फेसबुक, ट्विटर, युट्युब, इमेल आदिमा केटा वा केटीको फोटाहरू यौन आशय झल्किने गरी बिगार्ने, अश्लील सन्देश प्रस्तुत गर्ने जस्ता क्रियाकलापहरू साइवर कानुन अन्तर्गत अपराध ठहर्ने र कडा सजाय हुन्छ भनी जानकारी दिने ।

### यौन हिंसा भएको खण्डमा कहाँ जाने र के गर्ने ?

- यौन हिंसा हुँदा जोगिने विभिन्न उपायहरू हुन्छन् जस्तै घरभित्र हुने हिंसाबाट बच्नका लागि शङ्कास्पद व्यक्ति सामु एक्लै नबस्ने, हिंसा हुन लागेमा चिच्याउने, आफ्नो विश्वासिलो व्यक्ति (आमा, बुबा, साथी, दिदी, भाइलाई जानकारी गराउनुपर्छ ।
- त्यसैगरी समुदायमा आधारित संयन्त्रहरू जस्तै आमा समूह, किशोर किशोरी तथा बाल क्लब, लैङ्गिक हिंसा हेर्ने समूहहरूले पनि हिंसा समाधान वा न्यूनीकरण गर्नमा सहयोग गर्न सक्छन् ।

  **सेवा प्रदायक निकायहरू** (स्वास्थ्य चौकी, अस्पताल, गा.वि.स. जिल्ला स्थित महिला तथा बालबालिका कार्यालय, प्रहरी / प्रशासन राष्ट्रिय स्तरमा राष्ट्रिय महिला आयोग ) मा सम्पर्क गर्नु पर्छ ।

**निष्कर्ष :**

- यौनजन्य हिंसा सहेर बस्नु हुँदैन । यदि यौनजन्य हिंसा हुन लागेमा जोगिने विभिन्न उपायहरू गनुपर्छ ।
- यौनजन्य हिंसामा परेकालाई सहयोग गर्नुपर्छ ।




# क्रियाकलाप ५ : यौनजन्य हिंसाको स्वास्थ्य उपचार र कानुनी उपचार

## चरण १ : यौनजन्य हिंसाको स्वास्थ्य उपचार



१५ मिनेट

**उद्देश्य :** **यस क्रियाकलापको अन्त्यमा सहभागीहरूले :**
**यौनजन्य हिंसा भएमा कहाँ, किन र कहिले स्वास्थ्य सेवा लिनुपर्दछ भन्ने बारेमा व्याख्या गर्न सक्नेछन् ।**

**विधि :** **मस्तिष्क मन्थन, लघु प्रवचन र प्रश्नोत्तर**

- सहजकर्ताले सहभागीलाई यौन हिंसा भएमा किन स्वास्थ्य सेवा लिनु पर्छ भनी सोध्ने ।
- सहभागीमध्ये केही सहभागीहरूको भनाइ लिइसकेपछि सहजकर्ताले निम्न कुरा बताइदिने ।



**यौन हिंसा भइसके पछि महिलाको स्वास्थ्यमा निम्न समस्या र जोखिम हुन सक्छन त्यसैले तुरुन्तै स्वास्थ्य सेवा लिनु पर्छ :**

- अनिच्छित गर्भाधारण हुने ।
- असुरक्षित गर्भपतन गराउनु पर्ने अवस्था आउन सक्ने ।
- यौन रोगहरूका साथै एच.आइ.भी.एड्स सर्न सक्ने ।
- शारीरिक तथा यौनाङ्गमा चोटपटक लाग्ने ।
- तल्लो पेटको सङ्क्रमण हुने ।
- मनोवैज्ञानिक असर पर्ने जस्तै, आत्म बलमा कमी, निन्द्रा र भोक नलाग्ने, नैराश्यता र हीनताबोध हुने, एक्लोपनको अनुभूति, आफूलाई दोषी देख्ने, डर र चिन्ता लाग्ने ।

## यौन हिंसा भएमा स्वास्थ्य सेवा कहाँबाट लिनु पर्छ ?

यौन हिंसा त्यसमा पनि खास गरी बलात्कार र हाडनाता करणी भएको अवस्थामा पीडितलाई अनिच्छित गर्भाधारण तथा यौन रोग र एच.आइ.भी. एड्सबाट जोगाउन र प्रमाणहरू नष्ट हुन नदिन समयमै सुविधायुक्त स्वास्थ्य संस्थामा जानु पर्दछ । नेपालमा हालसम्म उपलब्ध सेवाको आधारलाई हेर्दा पीडितले सबैभन्दा नजिकको जिल्ला स्तरको अस्पतालमा यी सेवाहरूका लागि जानु पर्दछ ।

## यौन हिंसा भएमा कहिले र कति समय भित्र स्वास्थ्य सेवा लिनु पर्छ ?

यौन हिंसा भएका बखत पीडितलाई अनिच्छित गर्भाधारण तथा यौन रोग र एच.आइ.भी. एड्सबाट जोगाउन र प्रमाणहरू नष्ट हुन नदिन सुविधायुक्त स्वास्थ्य संस्थामा सकेसम्म तुरुन्तै जानु पर्दछ । अनिच्छित गर्भाधारण हुन नदिन ढिलोमा ५ दिन (१२० घण्टा) भित्र आकस्मिक गर्भ निरोधक औषधी लिइसक्नु पर्दछ । त्यसैगरी यौन रोग तथा एच.आइ भी. एड्सबाट बचाउनका लागि दिइने औषधीका लागि ढिलोमा ३ दिन (७२ घण्टा) भित्र सुविधा युक्त अस्पतालमा पुगिसक्नु पर्छ ।

**निष्कर्ष :**

- यौनजन्य हिंसाले शारीरिक, मानसिक र सामाजिक असर पर्ने भएकाले त्यस्ता हिंसाहरूलाई सहेर बस्नु हुँदैन ।

## चरण २ : कानुनी उपचार

३० मिनेट

**उद्देश्य : यस क्रियाकलापको अन्त्यमा सहभागीहरूले :**
**यौनजन्य हिंसा तथा बलात्कार जस्ता घटना भएमा कानुनी उपचारका लागि कहाँ सम्पर्क राख्न सकिन्छ भनी बताउन सक्नेछन् ।**

**विधि : प्रश्नोत्तर र समूह छलफल**

**प्रश्नोत्तर :**

सहजकर्ताले सहभागीलाई कसैको घरमा चोरी भएको घटना सुनाई निम्न प्रश्न सोध्ने ।

क) उक्त चोरीमा कसको दोष थियो ?

ख) अब कसलाई कारबाही हुन्छ ?



सहभागीबाट उत्तर आइसकेपछि पुनः कुनै महिला यौन दुर्व्यवहार वा बलात्कारमा परेको घटना सुनाई निम्न प्रश्न सोध्ने :

क) यौन दुर्व्यवहार वा बलात्कारमा दोष कसको हुन्छ ?

ख) अब कारबाही कसलाई गर्नुपर्छ ?

सहजकर्ताले निम्न कुरा प्रस्ट पारिदिने

सहभागीहरूबाट उत्तर आइसकेपछि सहजकर्ताले कुनै पनि चोरीको घटनामा चोर मुख्य दोषी हुने र कारवाही पनि चोरलाई नै हुने भए जस्तै कुनै महिला यौन दुर्व्यवहार वा बलात्कारमा पर्नुमा उनको दोष नभई दुर्व्यवहार वा बलात्कार गर्ने नै दोषी हुने र दोषीलाई नै कारवाही गरिनुपर्दछ भनी जानकारी दिने ।

- बलात्कार वा यौन दुर्व्यवहार हुनुमा महिलाको हाउभाउ, पहिरन, बोलीचाली जस्ता कुराहरू कारक हुँदैनन् तथापि ठाउँ विशेष अनुसार सचेत हुन सके घटना कम हुन सक्छन् । यदि समाजमा कुनै महिला यौन दुर्व्यवहार वा बलात्कारमा परेकी भए उक्त महिलालाई समाजमा तिरस्कार नगरी उनलाई सहयोग र पुर्नस्थापना गर्न सहयोग गर्नुपर्छ भनी जानकारी दिने ।
- बलात्कार वा यौन दुर्व्यवहार परिवार भित्रकै सदस्यहरू वा श्रीमान्बाट समेत पनि हुन सक्छ भनी जानकारी दिने । यस्तो भएमा आफ्नो विश्वासिलो साथी वा परिवारको सदस्यलाई भन्नु पर्दछ ।

त्यसपछि बलात्कारको परिभाषा सबै सहभागीले सुन्ने गरी बताइदिने र छलफल गर्ने ।

> विश्वव्यापि रुपमा बलात्कारलाई यसरी परिभाषित गरिएको पाईन्छ :
>
> **बिना मन्जुरी कसैलाई जबरजस्ती यौन सम्पर्क वा करणी गरेमा बलात्कार भनिन्छ । बलात्कारमा कसैलाई नचाहेको बेला वा उनको इच्छा विरुद्ध कसैले जवर्जस्ती आफ्नो लिङ्ग, औंला वा शरीर को अन्य अङ्ग अथवा अरु कुनै वस्तु योनी, गुद्धामा अथवा मुख भित्र हुल्ने वा सम्पर्क राख्ने आदि पर्दछन् ।**
>
> नेपालको कानुन अनुसार निम्न अनुसार परिभाषित गरेको पाईन्छ :
>
> **बिना मन्जुरी कसैलाई जबरजस्ती यौन सम्पर्क वा करणी गरेमा बलात्कार भनिन्छ । १६ वर्ष भन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा त्यस्तो अपराधलाई पनि जबरजस्ती करणी भनिन्छ ।**

त्यसपछि तल दिइएको जानकारीलाई न्युजप्रिन्टमा लेखेर टाँसिदिने र छलफल गर्ने ।

### बलात्कार भएमा सम्झनै पर्ने महत्त्वपूर्ण कुराहरू :

- के भएको हो ?
- घटना भएको दिन, समय र स्थान ।
- घटना भएको स्थानमा अरू कोही थियो वा कसैले देखेको भए त्यो व्यक्तिको नाम
- सहयोगका लागि अब कसलाई सोध्ने भन्ने निर्क्योल गर्ने ।
- तुरुन्तै ननुहाउने, कपडा नफेर्ने, घटनास्थलको प्रकृति बिगार्नु नहुने, बलात्कार हुँदा लगाएको

लुगा धुन नहुने, नजिकको स्वास्थ्य कार्यालयमा गई चेक गराउने, स्वास्थ्य परीक्षण नगरी यौन सम्पर्क राख्नु नहुने ।

थप प्रस्टताको लागि निम्न कुरा बताइदिनुहोस् :

- १६ वर्ष भन्दा कम उमेरकी किशोरीलाई निजको मन्जुरी लिई वा नलिई गरिएको यौन सम्पर्क बलात्कार/जबरजस्ती करणी मानिन्छ ।
- यौनजन्य दुर्व्यहारको उजुरी अदालतमा दिनुपर्छ । घटना भएका मितिले ३५ दिन भित्रमा नालिस दिनुपर्छ । त्यस्तो कसुर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद र दस हजार रूपैयाँसम्म जरिवाना हुन्छ ।
- आफू वा अरूसँग गैर कानुनी करणी गर्न स्वास्नी मानिसलाई फकाउने र वेश्यागमनको लागि सम्पर्क र व्यवस्था गरिदिनेलाई ६ महिनादेखि दुई वर्षसम्म कैद वा पाँच सय देखि ६ हजार रूपैयाँसम्म जरिवाना दुवै हुन्छ भनी बताइदिने ।

५ मिनेट

**निष्कर्ष :**

- बलात्कार एउटा जघन्य अपराध हो । बलात्कार गर्ने व्यक्तिलाई कानुनी रूपमा दण्डित नै गर्नु पर्दछ ।

**सिकाइ मापन**

- आजको सत्रबाट सिकेका मुख्य सिकाइहरू के के भए भनी सोध्ने ।
- छलफलको अन्त्यमा सहभागीहरूलाई यस सत्रमा सिकेका मुख्य मुख्य कुराहरूमध्ये आउने ७ दिन भित्र के के गर्न सकिन्छ लेख्न लगाउने ।



# पाठ्य सामग्री

## यौनिक हिंसा वा यौनजन्य हिंसा

यौनजन्य हिंसा भन्नाले कसैको इच्छा विपरीत, लोभलालचमा पारेर, डरत्रास देखाएर कसैको यौनिकतामाथि अधिकार जमाउनु वा यौनिकतामा नकारात्मक असर पर्ने गरी कुनै पनि कार्य गर्नु वा गर्न लगाउनुलाई जनाउँछ । यति मात्र नभई यौन उद्देश्यजन्य छुवाइ, यौन यातना, चिमोट्नु, इच्छा विपरीत अँगालो हाल्नु, म्वाइ खानु, शरीरका विभिन्न भागहरूमा निमोठ्नु, अँठ्याउनु, सुम्सुम्याउनु, यौन अङ्गहरूमा घाउ चोटपटक लाग्ने गरी गरेका सम्पूर्ण कार्यहरू पनि यौनजन्य हिंसा भित्र पर्दछन । यौनजन्य हिंसा हुनका लागि बलात्कार नै गरेको हुनुपर्छ भन्ने केही छैन । कसैको पनि यौन चाहना विपरीत, समग्र यौन जीवनमा असर पर्ने गरी बल प्रयोग गर्नु, आफ्नो फाइदाको लागि जबर्जस्ती कसैलाई प्रयोग गर्नु वा यौन कार्यमा लगाउनु, दुःख, कष्ट दिनु आदि क्रियाकलाप गर्नुलाई यौन शोषण वा यौनिक हिंसा गर्नु भनिन्छ ।

त्यसैले सामान्य बुझाइमा यौनजन्य हिंसा मुख्य गरी तिन प्रकारका हुन्छन । यौन दुर्व्यवहार, बलात्कार/जबर जस्ती करणी र हाडनाता करणी ।

**यौन दुर्व्यवहार/यौन हैरानी** : कसैको पनि अनुमतिविना निजको यौनाङ्ग छोएमा वा छुने प्रयास गरेमा, भित्री पोसाक खोलेमा वा खोल्ने प्रयास गरेमा, अस्वाभाविक रूपमा कुनै एकान्त ठाउँमा लगेमा, आफ्नो यौन सम्बन्धी अङ्ग छुन लगाएमा वा अश्लील वा अन्य त्यस्तै प्रकारको शब्द प्रयोग गरेमा वा चित्र, तस्बिर देखाएमा, यौन आशयले जिस्काएमा वा जबरजस्ती करणी गर्ने आशयले समाउने लगायतका क्रियाकलापहरू यौन दुर्व्यवहार भित्र पर्दछन् ।

**बलात्कार/जबरजस्ती करणी** : बिनामन्जुरी कसैलाई जबरजस्ती यौन सम्पर्क वा करणी गरेमा बलात्कार भनिन्छ । १६ वर्ष भन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा त्यस्तो अपराधलाई पनि जबरजस्ती करणी भनिन्छ ।

**हाडनाता करणी** : आफ्नै पविारका कुनै सदस्यबाट वा नजिकको नातेदारबाट अर्थात् आफ्नै बाबु, काका, मामा, फुपाजु, भाइ, दाइ, दिदी, बहिनी, हजुरबुबा आदिबाट इच्छा विपरीत करणी गर्नु वा बलात्कार गर्नुलाई हाडनाता करणी भनिन्छ । तर आफ्नो जात वा कुलमा चलिआएको चलन अर्थात् प्रथा अनुसार विवाह गर्न हुने नाता सम्बन्धमा भएको विवाहलाई हाडनाता करणी भित्र पर्दैन ।

माथि उल्लिखित कुनै पनि खालको हिंसामा परेको व्यक्तिले पूर्ण रूपमा आफ्नो इच्छा, चाहना र आवश्यकतामा केन्द्रित हुन सक्दैन र ऊ हमेसा तनावमा रहेको हुन्छ, आफूभित्रै गुम्सिएको हुन्छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार यौनजन्य हिंसा चाहे त्यो वैवाहिक सम्बन्ध भित्रको होस् या बाहिरको त्यसले व्यक्तिको स्वास्थ्यमा समस्या ल्याउँछ र त्यो मानव अधिकारको उलङ्घन हो । यौनजन्य हिंसाले भावनात्मक, मनोवैज्ञानिक, सामाजिक, शारीरिक तथा स्वास्थ्यमा हिंसा भएको लगतै वा केही वर्षपश्चात् पनि गम्भीर असर पार्ने गर्दछ ।

**नेपालको कानुन अनुसारः**

१. १६ वर्ष मुनिका नाबालिकको हकमा निजको मञ्जुरीमा गरेको यौन कार्य पनि जबरजस्ती करणी मानिन्छ ।

२. सधवा वा विधवा महिलालाई निजको मञ्जुरी नलिई जबरजस्ती यौन सम्पर्क गरेमा त्यसलाई जबरजस्ती करणी गरेको ठहर्छ ।

३. डर, धाक-धम्की वा जोरजुलुम गरी अनुचित प्रभावमा पारी मञ्जुरी लिएर करणी गरेको रहेछ भने पनि जबरजस्ती करणी गरेको ठहर्दछ ।

## यौनजन्य हिंसा कहाँ र कोबाट हुन्छ ?

यौन हिंसा कहाँ र कोबाट हुन्छ भन्न गाह्रो छ । घर, समाज, सार्वजनिक यातायात, सडकपेटी, विद्यालय, क्याम्पस, सुनसान ठाउँ, भिडभाड, सिनेमा हल, होटल, कार्यालय, खेलमैदान, स्वदेश, विदेश, मन्दिर जहाँ पनि यौनजन्य हिंसा हुनसक्छ । हाम्रो समाज पितृसत्तात्मक समाज हो । त्यसैले हिंसा सम्बन्धी अनुसन्धानलाई हेर्ने हो भने हिंसामा अधिक मात्रामा महिलाहरू नै पर्ने गरेको पाइएको छ । यौन हिंसा जोबाट पनि हुनसक्छ । हाम्रो सामाजिक संरचना, इज्जतमा दाग लाग्ने डर, पीडितले सामाजिक अपहेलना खेप्नु पर्ला कि भन्ने डर, सम्बन्धहरूमा विभिन्न खालका समस्या देखापर्ने डर आदिको कारणले गर्दा हिंसा भएको घटनालाई लुकाउने गरेको पाइन्छ ।

## हिंसा निम्न व्यक्तिहरूबाट हुन सक्छ :

- चिनेजानेको अथवा परिचित व्यक्तिबाट जस्तै
- श्रीमानबाट, श्रीमतीबाट
- प्रेमीबाट, प्रेमिकाबाट
- साथीहरूबाट
- जागिर वा कामसँग सम्बन्धित व्यक्तिबाट (सहकर्मी, हाकिम, प्रबन्धक आदि)
- नातेदारबाट (बाबु, सौतेनी बाबु, दाजु, भाइ, काका, काकाको छोरा, भिनाजु, फुपाजु आदि)
- अपरिचित व्यक्तिबाट
- केटाहरूको समूहबाट, केटीहरूको समूहबाट
- विद्यालय वा ट्युसन पढाउने शीक्षकहरूबाट
- जेलमा सुरक्षासँग सम्बन्धित व्यक्तिहरूबाट
- सेनाहरू, लडाकुहरू, आपराधिक समूहबाट
- अन्य जो कोहीबाट

## यौन हिंसाबाट बच्ने तरिकाहरू

यौन हिंसाबाट बच्न सर्वप्रथम त यसको पहिचान गर्न सक्नुपर्छ । कुन अवस्थालाई यौन हिंसा भन्ने थाहा पाइसकेपछि मात्र यसवाट बच्न के गर्न सकिन्छ भन्ने कुरामा ध्यान जाने गर्छ । यौन हिंसा शिक्षित, अशिक्षित, गाउँको, सहरको, धनी, गरिब र जुनसुकै उमेरकाहरूलाई पनि हुन सक्दछ । त्यसकारण सबैलाई यस बारेमा जानकारी दिनु अति आवश्यक छ । विशेषतः किशोर तथा युवा उमेरका केटाकेटीहरूमा यस्तो समस्या अधिक देखिने हुँदा उनीहरूलाई विशेष रूपमा यसको जनकारी दिनु अभिभावक तथा शिक्षकहरूको जिम्मेवारी हुन्छ ।

१. हिंसाबाट बच्ने व्यक्तिगत योजना

- कुनै नयाँ व्यक्तिले आफूमाथि बढी उदारता देखायो अथवा आफूलाई माया देखायो, सहयोग गर्न खोज्यो भने आफू सतर्क हुनुपर्छ । नयाँ व्यक्तिले आफूलाई किन त्यस्तो व्यवहार गरिरहेको छ भन्ने सोच्नु पर्ने हुन्छ । यस्तो व्यवहारको बारेमा आफूभन्दा ठूला र विश्वासिला व्यक्तिलाई जानकारी गराउनु अझै राम्रो हुन्छ ।
- नयाँ र सुनसान ठाउँमा भरसक एक्लै जानु हुँदैन ।
- कसैले पनि कुनै खालको प्रलोभनमा पर्नु हुँदैन ।
- अपरिचित, अविश्वासिलो अथवा समाजमा नराम्रो व्यक्ति भनी चिनिएको व्यक्तिले दिएको खानेकुरा नखाने र विनाकारण दिएको मिठाइ वा चकलेट वा अन्य खानेकुरा नखाने ।

- राती अथवा अँध्यारोमा नहिंड्ने ।
- कसैले विना कारण जीउमा छुने, जिस्काउने गर्छ भने कुन नियतले त्यस्तो गरिरहेको छ भन्ने बुझ्न सक्नुपर्छ ।
- कसैले अनुचित व्यवहार गर्न खोज्दछ भने प्रतिकार गर्ने चिच्याउने, टोक्ने, उसको संवेदनशील अङ्गमा हान्ने र त्यो व्यक्तिबाट उम्किन खोज्ने गर्नुपर्छ ।
- आफ्नो प्रेमीले यौनसम्पर्कको लागि दबाब दिएमा उसलाई सम्झाउने, आफ्नो स्वास्थ्य ठीक छैन भन्ने, रजस्वला भइरहेको छ भन्ने आदि सिर्जनात्मक उपायहरू अपनाउनु पर्दछ ।
- एकान्त ठाउँमा, कसैको घरमा अथवा आफ्नै घरमा बस्दा पनि सतर्क भएर बस्ने र शङ्कास्पद व्यक्तिसँग एक्लै नबस्ने ।
- आफू सुत्ने कोठामा ढोकामा चुकुल लगाएर मात्र सुत्ने ।
- जाँडरक्सी वा लागुपदार्थ खाएको व्यक्तिको नजिक नबस्ने वा त्यस्तासँग एक्लै नबस्ने ।

२. परिवार र समुदायको भूमिका

हिंसा परिवार भित्र वा बाहिर जहाँ पनि हुनसक्छ । हिंसाले परिवार र समुदायको जीवनस्तरमा ह्रास ल्याउँछ । जुन बालबालिकाले बाल्यकालदेखि मनोवैज्ञानिक र शारीरिक हिंसा देख्छन् या अनुभव गर्छन्, उनीहरू आफैं हिंस्रक बन्न सक्छन् । त्यसैले हिंसा न्यूनीकरणमा परिवार र समुदायको ठूलो भूमिका रहन्छ । समाजका सम्पूर्ण सदस्यहरूमा हिंसाको बारेमा ज्ञान हुनुपर्दछ । कोही हिंसामा परिहालेमा उसको मनोवल बढाउने र स्वतन्त्र पूर्वक वाँच्ने वातावरण बनाइदिनुपर्छ । आफ्नो समुदायमा कोही अपरिचित व्यक्ति देखेमा सो व्यक्तिको बारेमा जानकारी लिनु राम्रो हुन्छ । शङ्कास्पद कार्य भएमा सम्बन्धित निकायमा खबर गर्नुपर्छ । एकआपसमा सहिष्णुता र आत्मियता राख्दै सहयोगी भावनाको विकास गर्नु पर्दछ । कसैलाई कुनै खालको हिंसा भै हालेमा परिवार र समाजका सम्पूर्ण सदस्यहरू एक भई प्रतिकार गर्नुपर्छ । समाजमा यस्ता खालका घटना किन घट्छन भन्ने कुरामा हेक्का राख्दै भविष्यमा दोहोरिन नदिन सक्दो प्रयास गर्नु पर्दछ ।

## जबरजस्ती करणी/बलात्कार भएमा सम्झनै पर्ने महत्त्वपूर्ण कुराहरू :

- के भएको हो ?
- घटना भएको दिन, समय र स्थान
- घटना भएको स्थानमा अरू कोही थियो वा कसैले देखेको भए नाम ।
- सहयोगको लागि अब कसलाई सोध्ने भन्ने निर्क्योल गर्ने ।
- तुरुन्तै ननुहाउने, कपडा नफेर्ने, घटनास्थलको प्रकृति नबिगार्ने, बलात्कार हुँदा लगाएको लुगा नधुने नजिकको स्वास्थ्य संस्थामा गई जाँच गराउने ।

## यौन हिंसा भएमा स्वास्थ्य सेवा लिनु पर्छ

- यौन हिंसा त्यसमा पनि खास गरी बलात्कार र हाडनाता करणी भएको अवस्थामा पीडितलाई अनिच्छित गर्भधारण तथा यौन रोग र एच.आइ.भी. र एड्सबाट जोगाउन र प्रमाणहरू नष्ट हुन नदिन समयमै सुविधायुक्त स्वास्थ्य संस्थामा जानु पर्दछ । नेपालमा हालसम्म उपलव्ध सेवाको आधारलाई हेर्दा पीडितले जिल्ला स्तरको अस्पतालमा यी सेवाहरूको लागि जानु पर्दछ ।

- यौन हिंसा भएका बखत पीडितलाई अनिच्छित गर्भाधारण तथा यौन रोग र एच.आइ.भी. एड्सबाट जोगाउन र प्रमाणहरू नष्ट हुन नदिन सुविधायुक्त स्वास्थ्य संस्थामा सके सम्म तुरुन्तै लैजानुपर्छ। अनिच्छित गर्भाधारण हुन नदिन ढिलोमा ५ दिन (१२० घण्टा) भित्र आकस्मिक गर्भ निरोधक औषधी लिइसक्नु पर्दछ। त्यसैगरी यौन रोग तथा एच.आइ.भी. एड्सबाट बचाउनका लागि दिइने औषधीका लागि ढिलोमा ३ दिन (७२ घण्टा) भित्र सुविधा युक्त अस्पतालमा पुगिसक्नु पर्छ।

## जबरजस्ती करणी सम्बन्धी कानुनी व्यवस्था

| | |
|---|---|
| दस वर्षभन्दा मुनिकी बालिका भए | आठदेखि पन्ध्र वर्षसम्मको जेल सजाय |
| दस वर्ष वा सो भन्दा बढी चौध वर्षभन्दा कम उमेरकी बालिका भए | आठदेखि बाह्र वर्षसम्मको जेल सजाय |
| चौध वर्ष वा सो भन्दा बढी सोह्रवर्ष भन्दा कम उमेरकी बालिका भए | छ वर्षदेखि दस वर्षसम्मको जेल सजाय |
| सोह्र वर्ष वा सोभन्दा बढी बिस वर्षभन्दा कम उमेरकी महिला भए | पाँच वर्षदेखि आठ वर्षसम्मको जेल सजाय |
| बिस वर्ष वा सो भन्दा बढी उमेरकी महिला भए | पाँचदेखि सात वर्षसम्म |
| पतिले स्वास्नीलाई जबरजस्ती करणी गरेमा | तिन महिनादेखि छ महिनासम्म |

यौनजन्य दुर्व्यहारको उजुरी अदालतमा दिनुपर्छ। घटना भएका मितिले ३५ दिन भित्र नालिस दिनुपर्छ। त्यस्तो कसुर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद र दस हजार रूपैयाँसम्म जरिवाना हुन्छ।

सत्र

# १४.५

# मानव तथा बालबालिका बेचबिखन

**उद्देश्य :**

**यस सत्रको अन्त्यमा सहभागीहरूले :**

- मानव बेचबिखन के हो बताउन सक्नेछन् ।
- मानव बेचबिखनमा संलग्न अपराधीहरूले कसरी मानव बेचबिखन गर्छन भन्ने बताउन सक्नेछन् ।
- मानव बेचबिखनबाट जोगिन के के गर्नु पर्छ भन्ने बारेमा व्याख्या गर्न सक्नेछन् ।
- सुरक्षित श्रम प्रवासनका चुनौतीहरूको बारेमा बताउन सक्नेछन् ।
- मानव बेचबिखन विरुद्ध किशोरकिशोरीको भूमिका विषयमा समूहमा छलफल गर्न सक्नेछन् ।

**समय :**

३ घण्टा

**आवश्यक सामग्रीहरू :**

२ वटा कुर्सी, सेतोपाटी, मार्कर, सेतोपाटी

**विधि :**

प्रश्नोत्तर, घटना अध्ययन, सहमति असहमति छलफल, विचार मन्थन, समूह छलफल र प्रस्तुती ।

## अघिल्लो सेसनको पुनरावलोकन

१५ मिनेट

अघिल्लो सेसनमा तयार पारिएको कार्य योजना कार्यान्वयन र उपलब्धिबारे छलफल गर्ने ।




| के के सिकियो ? | के के गरियो ? |
|---|---|
| | |
| | |
| | |
| | |

१०-१९ बर्ष उमेर समूहका लागि

# क्रियाकलाप १ः
# मानव बेचबिखन भनेको के हो ?

४५ मिनेट

**उद्देश्य :** यस क्रियाकलापको अन्त्यमा सहभागीहरूले :
मानव बेचबिखन के हो बताउन सक्नेछन् ।

**विधि :** प्रश्नोत्तर




- सहजकर्ताले सहभागीलाई मानव बेचबिखनका बारेमा के जानकारी छ भनी सोध्ने ।
- सहभागीले दिएको उत्तरलाई न्युजप्रिन्टमा टिप्दै छलफल गर्ने ।
- त्यसपछि सहभागीमध्ये कुनै १ जनालाई तल दिएको परिभाषा पढेर सुनाउन लगाउने ।

कुनै पनि व्यक्तिलाई डर, धाक देखाई, जालझेल गरी काममा लगाउनु, ओसारपसार गर्नु, एक ठाउँबाट अर्को ठाउँमा लैजानु वा लैजानका लागि सहयोग गर्नु वा आश्रय दिनु वा अरूद्वारा त्यस्तो कामको निम्ति सहयोग प्राप्त गर्नु, इच्छा विपरीत जबरजस्ती काममा लगाउनु तथा श्रमिकको इच्छा बमोजिम उसलाई काम छोड्न नदिनु जस्ता क्रियाकलाप मानव बेचबिखन हो । बेचबिखनमा परेपछि आफ्नो शरीरमाथि समेत नियन्त्रण गुमाउनु पर्ने अवस्था आउन सक्छ ।

**निष्कर्ष :**

- मानव बेचबिखन जघन्य अपराध हो । यस्तो अपराध गर्ने व्यक्तिले डर देखाउने, धाकधम्की दिने, बँधुवा बनाउने, हिंसा वा हिंसाको प्रयोग गर्ने, ललाउने, फकाउने, छक्याउने, शक्तिको प्रयोग वा ओहोदाको दुरूपयोग गर्ने, एक ठाउँबाट अर्को ठाउँमा लैजाने र इच्छा विपरीतका गतिविधिहरू गराउँछन् । किशोरकिशोरीले त्यस्ता गतिविधिहरू कहिँकतै भएको वा हुन लागेको थाहा पाएमा सतर्क भई सम्बन्धित निकायमा जानकारी गराउनुपर्छ ।

१०-१९ वर्ष
उमेर समूहका लागि

४५ मिनेट

# क्रियाकलाप २ :
# मानव बेचबिखन कसरी हुन्छ ?

**उद्देश्य :** यस क्रियाकलापको अन्त्यमा सहभागीहरूले :
मानव बेचबिखनमा संलग्न अपराधीहरूले कसरी मानव बेचबिखन गर्छन् भन्ने कुरा बताउन सक्नेछन् ।

**विधि :** खेल तथा घटना अध्ययन

सहभागीलाई दुई समूहमा विभाजन गर्ने । पहिलो समूहका सहभागीलाई खेल र दोस्रो समूहलाई घटना अध्ययन गर्न लगाउने । (खेलका लागि १५ मिनेट, घटना अध्ययनका लागि १५ मिनेट र एक आपसमा जानकारीको लागि ५ मिनेट समय व्यवस्थापन गर्ने ।)

## अपरिचितलाई अस्वीकार गरौं खेल

- समूहका सहभागीलाई गोलाकारमा बस्न लगाई समूहको बिचमा दुईवटा कुर्सी जोडेर राख्ने । सहभागीलाई कुर्सीले बसको प्रतिनिधित्व गर्छ भनी जानकारी दिने ।
- सहजकर्ताले उक्त बसको ड्राइभरको रूपमा अभिनय गर्ने र जोडिएको कुर्सीमध्ये कुनै एक कुर्सीमा बसी सहभागीमध्ये कुनै एकजनालाई बटुवाको रूपमा कुर्सीको नजिकबाट हिंड्न लगाउने ।



- ड्राइभरले बसको छेउबाट हिंड्ने सहभागीलाई मेरो भाइ हराएको छ तपाईंले कहीं देख्नुभयो कि भन्दै हराएको भाईको फोटो देखाउने । जब सहभागी फोटो हेर्न बसको नजिक आउँछन तब उनलाई तानेर ड्राइभरले जबरजस्ती बसमा (कुर्सीमा) राख्ने ।
- सहजकर्ताले अन्य सहभागीलाई बसको छेउमा आएकै कारण उक्त व्यक्ति जोखिममा परेको र त्यस किसिमका जोखिमहरू अपरिचितबाट विभिन्न समयमा विभिन्न ढङ्गले हुन्छन् भनी बताउने । त्यस किसिमका जोखिमबाट बच्न सकिने विभिन्न उपाय हुन्छन भनी जानकारी दिने । बसलाई यहाँ जोखिमको प्रतीकका रूपमा प्रस्तुत गरिएको पनि जानकारी गराउने ।

- अब समूहबाट अन्य दुई सहभागी छनोट गरी एकजना सहभागीलाई बसको ड्राइभरको अभिनय गर्न लगाउने । ड्राइभरले पुनः मेरो भाइ हराएको छ तपाईंले कहीँ देख्नुभयो कि भन्दै हराएको भाइको फोटो देखाउने । अर्को सहभागीले उक्त बसको छेउमा नआई ड्राइभरले गरेको अनुरोधलाई विभिन्न उपायहरूको अवलम्बन गरी अस्वीकार गर्ने । समय भएमा अन्य सहभागीलाई पनि यो खेल खेलाउन सकिन्छ । प्रलोभन वा प्रभावमा पार्न बेचबिखनमा संलग्न दलालहरूले विभिन्न प्रकारका उपाय लाउन सक्दछन् । कहिलेकाही उनीहरू सहयोगीका रूपमा समेत आएर गलत फाइदा लिन सक्दछन् भनी व्याख्या गर्ने ।

दोस्रो समूहका सहभागीलाई तलको घटना विवरण अध्ययन गर्न लगाई दिइएका प्रश्नहरू तथा कार्य तालिकामा उल्लेख गरेका प्रश्नहरूमाथि छलफल गर्न लगाउने ।

२० मिनेट

## घटना अध्ययन

कैलाली अत्तरियामा ५ जनाको एउटा गरिब परिवार थियो । परिवारमा आमा, बाबु, १ छोरा र २ छोरी थिए । ठुली छोरी सविनाले ४ कक्षामा पढ्दा पढ्दै गरिबीको कारणले विद्यालय छाडिन् र काम गर्न थालिन् । बाबुले गाँउघरमा घर बनाउने काम गर्थे । १४ वर्षकी सविना पनि त्यही गिटी बोक्ने, बालुवा चाल्ने गर्थिन् । एकदिन एकजना परिचित व्यक्ति आएर तिमी यति गाह्रो काम गर्छौ तर पैसा चाहिँ थोरै पाउँछ्यौ, त्यही पनि तिम्रा बाबा आमाले लिन्छन् । यहाँ काम गरेर कहिल्यै सुख पाउँदिनौ यस्तो गर्नुभन्दा त सहरमा काम गरेर सजिलै पैसा कमाउने, घुम्ने, फिर्ने, मोज पो गर्ने त भन्दै फकाए । सविनाले पनि आफ्ना दुख सम्झेर सुखको कल्पना गर्न लागिन् । केही दिनपछि त्यो मानिससँग बुटवल जाने भन्दै सविना घरबाट भागिन् । बाटोमा उनी खाना खान ओर्लिन् । खाना खाइसकेपछि उनी मस्त निन्द्रामा परिन् । भोलिपल्ट बिहान विउझिँदा उनी वनवासा भन्ने भारतको सहरमा पुगिसकेकी थिईन् । सविनालाइ मेरी फुपूसँग बस्दै गर भनेर त्यो व्यक्ति गायव भयो । फुपू भन्नेले यहाँ के गर्न हुने के गर्न नहुने भनेर सविनालाई बताइन् । ती फुपूले उनलाई त्यहाँबाट एकदिन टाढाको सहरमा लिएर गइन् । अनि उनको दुःखपूर्ण जीवन सुरु भयो ।

समूहका सहभागीलाई तल दिइएको कार्य तालिका भर्न लगाउने । त्यसपछि सहभागीहरूलाई २ वटा समूहमा विभाजन गरी छलफल गराउने । दुवै समूहले छलफलबाट निकालेको निष्कर्ष प्रस्तुत गर्न लगाउने

| प्रश्न | उत्तर |
|---|---|
| क) सविनालाई के कारणले सहर जान लालायित बनायो ? | |
| ख) सविनालाई वनवासासम्म किन पुर्‍याइयो ? | |
| ग) तपाईं सविनाको ठाउँमा भएको भए के गर्नुहुन्थ्यो ? | |

५ मिनेट

पहिलो समूहका सहभागीमध्ये कुनै एक सहभागीलाई दोस्रो समूहका सहभागीले अघि खेलिएको बसको खेलमा के सन्देश थियो, कसरी खेलियो भनेर बताउन लगाउने । त्यसैगरी, दोस्रो समूहका सहभागीमध्ये कुनै एक सहभागीलाई पहिलो समूहका सहभागीले सविनाको घटना अध्ययनमा सन्देश के थियो भनी बताउन लगाउने ।

सहजकर्ताले सहभागीलाई त्यसपछि निम्न कुरा बताइदिने ।

- अपरिचित र कतिपय अवस्थामा परिचित व्यक्तिले समेत विभिन्न लोभ, लालच, प्रलोभन देखाउने, अपरिचित व्यक्तिले मिठाई तथा खानेकुरामा लठ्याउने औषधी राखेर खान दिने जस्ता गतिविधिहरू गरी बेचबिखन गर्न सक्छन् । अपरिचित तथा परिचित व्यक्तिहरूको व्यवहारलाई विचार गरी सर्तक रहनुपर्छ ।
- विभिन्न वहाना बनाई देशभित्र मात्र नभएर देश बाहिर जस्तै भारत मलेसिया तथा अन्य खाडी देशहरू र कतिपय अफ्रिकन देशहरूमा पनि मानव बेचबिखन गरिन्छ भनी सहभागीलाई जानकारी दिने ।

- मानव बेचबिखनसँग सम्बन्धित अपराधको उजुरी प्रहरी कार्यालयमा दिनुपर्छ ।
- मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी अपराध ऐन २०६४ का अनुसार मानव किन्ने वा बेच्नेलाई बिस वर्ष कैद वा दुई लाख रूपैयाँ जरिवाना हुन्छ ।
- नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दस वर्ष कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए दस वर्षदेखि बाह्र वर्षसम्म कैद र एक लाख रूपैयाँ जरिवाना हुन्छ ।
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ ले मानव बेचबिखन भएको प्रमाणित भएमा बेच्ने मुख्य अभियुक्तलाई २० वर्ष कैद, २ लाख रूपैंया जरिवाना र पीडितलाई १ लाख रूपैंया क्षतिपूर्ति पीडकले दिने व्यवस्था गरेको छ । यस अनुसार देशभित्र वा देशबाहिर जहाँ बेचिएको भएपनि र पीडित जुनसुकै उमेरको भएपनि कसुर प्रमाणित भएमा सोही अनुसार सजाय हुने प्रावधान छ ।

**निष्कर्ष :**

- बेचबिखनका घटना आफ्नो समुदाय वा परिवारभित्र भएमा उनीहरूलाई सहयोग गर्न तथा कानुनी उपचार खोज्नका लागि प्रेरित गर्नुपर्छ ।

१०-१९ वर्ष उमेर समूहका लागि

# क्रियाकलाप ३ :
## मानव बेचबिखनबाट बचौं

३० मिनेट

**उद्देश्य :** यस क्रियाकलापको अन्त्यमा सहभागीहरूले :

- मानव बेचबिखनबाट जोगिन के के गर्नु पर्छ भन्ने बारेमा व्याख्या गर्न सक्नेछन् ।
- सुरक्षित श्रम प्रवासनका चुनौतीहरूको बारेमा बताउन सक्नेछन् ।

**विधि :** सहमत र असहमत खेल

- सहभागीहरूलाई हरियो र रातो रङका मेटाकार्डहरू दिने । हरियो कार्डले सहमति र रातो कार्डले असहमति जनाउने भनी जानकारी दिने । (अरू नै कुनै दुई रङका कार्ड पनि प्रयोग गर्न सकिन्छ)

| भनाइहरू | व्याख्या |
|---|---|
| किशोरकिशोरी तथा महिलाहरू मात्र बेचबिखनमा पर्दछन् । | किशोरकिशोरी तथा महिलाहरू मात्र बेचबिखनमा नपरी युवा तथा पुरुषहरू पनि बेचबिखनमा पर्न सक्छन् । |
| बेचबिखन नचिनेका मानिसले गर्छन् । | बेचबिखन नचिनेको मानिसले मात्र नभई चिनेको मानिसले पनि गर्छन् । चिनेको व्यक्तिबाट अझ बढी बेचबिखन हुन सक्ने सम्भावना हुन्छ । |
| बेचबिखन गरिब, पछाडि पारिएका तथा अवसर नपाएका परिवारमा मात्र हुन्छ । | बेचबिखन गरिब, पछाडि पारिएका तथा अवसर नपाएका परिवारमा मात्रै नभई धनी परिवारको व्यक्ति साथै अवसर पाएका तथा अवसर लिने क्रममा पनि हुन सक्छ । |

| | |
|---|---|
| मानव बेचबिखन यौन व्यवसायका लागि मात्र हुन्छ । | मानव बेचबिखन यौन व्यवसायका लागि मात्रै नभई अन्य विभिन्न प्रयोजनहरू जस्तै लागुपदार्थ तथा हातहतियार ओसारपसार गर्न, दास वा बँधुवा मजदुर बनाउन, घरायसी कामदारका रूपमा काम गराउन,शरीरका अङ्ग बिकि गर्ने जस्ता क्रियाकलापका लागि पनि गरिन्छ । |
| आवश्यक जानकारी नलिई काम गर्न जानु सुरक्षित हुँदैन । | वैदेशिक रोजगारीमा जानुपूर्व कुनै पनि व्यक्ति कुन देशमा बैदेशिक रोजगारीको लागि जाँदै छु सो कुराको ख्याल गरी उक्त देशको कानुनी व्यवस्था, रहन सहन, वातावरण, संस्कृति आदिको जानकारी लिनु पर्दछ । |
| मानव बेचबिखन हाम्रो सरोकार होइन ।यो सरकारले हेर्ने विषय हो । | मानव बेचबिखन सबैको सरोकार र चासोको विषय हो । |
| वैदेशिक रोजगारीमा जानुपुर्व श्रम स्वीकृति, तालिम र भाषा सिकेर जानुपर्छ । | वैदेशिक रोजगारीमा जानुपुर्व वैदेशिक रोजगार विभागबाट अनिवार्य श्रम स्वीकृति लिने, आफूले काम गर्न जान लागेको देशको भाषा तथा के काममा जान लागेको हो उक्त विषयको तालिम लिनु पर्दछ । विदेश जाँदा देशभित्रकै अन्तरर्राष्टिय विमानस्थल प्रयोग गर्नुपर्दछ । |
| गैर कानुनी रूपमा विदेश जाँदा बेचबिखनमा पर्न सकिन्छ । | बैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिई, विमा गरी सरकारले भनेका सबै प्रक्रिया पूरा गरेर वैदेशिक रोजगारीमा जानु कानुनी रूपमा उचित हो । यसरी रोजगारीमा जाँदा बेचबिखनमा पर्ने सम्भावना कम हुन्छ साथै परिहालेमा पनि सरकारी निकाय, विदेशस्थित नेपाली दुतावास, श्रमसहचरीको कार्यालय आदिबाट सहयोग पाउन सकिन्छ । गलत प्रक्रियाबाट गएकाहरूका लागि समस्या परेमा कतिपय अवस्थामा राज्यले समेत सहयोग र उद्दार गर्न सक्दैन । |
| मानव बेचबिखनमा परी फर्किएका व्यक्तिहरूलाई सहयोग गर्नु हाम्रो जिम्मेवारी हो । | मानव बेचबिखनमा परी फर्किएका व्यक्तिहरूलाई समाजका सदस्यको रूपमा हेरी उनीहरूलाई सबैले सहयोग गर्नुपर्छ । मानव बेचबिखनमा पर्नुमा बेचबिखनमा परेका व्यक्तिहरूको दोष नभएकोले उनीहरूलाई सहयोग गर्नुपर्दछ । |
| आफू बसेको ठाउँभन्दा टाढा गई काम गर्नलाई पर्याप्त जानकारी लिएर मात्र जानु पर्दछ । | आफू बसेको ठाउँ भन्दा टाढा गई काम गर्दा जाने ठाउँका बारेमा धेरै भन्दा धेरै जानकारी लिने र त्यस ठाउँको भाषा, रहनसहन, संस्कृति लगायतको जानकारी लिई गएमा बेचबिखनमा पर्ने सम्भावना कम हुन्छ । |

त्यसपछि सहजकर्ताले निम्न कुरा बताइदिने :

- बेचबिखनमा किशोरी तथा महिलाहरूमा मात्र नपरी किशोरहरू तथा पुरुषहरू पनि पर्न सक्छन् । मानव अङ्ग तस्करी गर्नेहरू, सर्कस देखाउनेहरू, बाल श्रमिक प्रयोग गर्नेहरू जस्ता व्यक्तिहरूका कारणबाट पनि बेचबिखन हुन सक्छ ।

- बेचबिखन गरिब तथा पछाडि पारिएको समुदाय वा व्यक्तिलाई मात्र नभई आर्थिक रूपमा सम्पन्न व्यक्तिहरूमा समेत हुनसक्छ ।
- वैदेशिक रोजगारमा जाने व्यक्ति ठगिएमा वा शोषणमा परेमा वैदेशिक रोजगार विभागमा निवेदन दिनुपर्छ। वैदेशिक रोजगारसँग सम्वन्धित ठगीको विषयमा एक वर्षभित्र उजुरी लाग्छ।
- वैदेशिक रोजगारीमा गएको बखतमा यदि कुनै किसिमको प्रक्रिया मानव बेचबिखनसँग सम्वन्धित अर्थात कुनै पनि व्यक्तिलाई डर, धाक देखाई, जालझेल गरी काममा लगाउनु, ओसारपसार गर्नु, एक ठाउँबाट अर्को ठाउँमा लैजानु वा लैजानका लागि सहयोग गर्नु वा आश्रय दिनु वा अरूद्वारा त्यस्तो कामको निम्ति सहयोग प्राप्त गर्नु, इच्छाविपरीत जबरजस्ती काममा लगाउनु र काम छोड्न पनि नदिने जस्ता क्रियाकलाप भएमा यस्ता व्यवहार पनि मानव बेचबिखनभित्र पर्दछ र मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी अपराध (नियन्त्रण) ऐन २०६४ अनुरूप कारवाही हुन्छ ।

**निष्कर्ष :**

- मानव बेचबिखनबाट बच्नका लागि पहिला त हामी आफैं चनाखो बन्नुपर्छ। आफू सचेत हुँदा बेचबिखनबाट बच्न सकिन्छ। आफ्ना परिवारका सदस्य, साथीसँगी र समुदायका नागरिकहरूलाई पनि यसका सम्बन्धमा जानकारी दिन सकेमा बेचबिखनबाट बचाउन सकिन्छ। मानव बेचबिखनमा परेकाहरूलाई सहयोग गर्नु मानविय दायित्व हो। राज्यले पनि यसमा प्राथमिकताका साथ भूमिका खेल्नु पर्दछ।




# क्रियाकलाप ४ :

# मानव बेचबिखन विरुद्ध किशोरकिशोरीको भूमिका

२० मिनेट

**उद्देश्य :** यस क्रियाकलापको अन्त्यमा सहभागीहरूले :
मानव बेचबिखन विरुद्ध किशोरकिशोरीको भूमिका विषयमा समूहमा छलफल गर्न सक्नेछन् ।

**विधि :** समूह छलफल र प्रस्तुतीकरण

- सहभागीलाई ३ समूहमा विभाजन गर्ने र तल दिएका प्रश्नहरूमा छलफल गर्न लगाउने। समूह छलफलका लागि १० मिनेट र प्रस्तुतिका लागि १० मिनेट समय व्यवस्थापन गर्ने ।

**समूह १ :** किशोरकिशोरी, बालक्लब, युवा क्लबहरूले बेचबिखनविरुद्ध के गर्न सक्छन् ?

**समूह २ :** बेचबिखनमा परेकाहरूलाई कसरी सहयोग गर्न सकिन्छ ?

**समूह ३ :** समुदायमा भएका मानवबेचबिखनका सूचनाहरू कहाँ र कसलाई दिनुपर्छ ?



- छलफलपछि सबै समूहलाई आफूले छलफल गरेका विषयमा प्रस्तुत गर्न लगाउने र छलफल गर्ने ।

सहजकर्ताले त्यसपछि निम्न कुरा प्रस्ट पारिदिने ।

- स्थानीय स्तरमा विभिन्न सङ्घ संस्था तथा सरकारी निकायहरू जस्तै महिला विकास कार्यालय, नेपाल प्रहरी, सीमा प्रहरी चौकी लगायतले मानव बेचबिखन विरुद्ध काम गर्छन् । यदि कहीँ कतै मानव बेचबिखनको घटना भएको वा हुनसक्ने शङ्का लागेमा वा समुदायमा कोही व्यक्ति त्यस्तो क्रियाकलापमा संलग्न भएमा उक्त निकायहरूमा सूचना दिनुपर्छ ।
- मानव किन्ने वा बेच्नेलाई बिस वर्ष कैद र दुई लाख रूपैयाँ जरिवाना हुन्छ ।

**निष्कर्ष :**

- मानव बेचबिखन कम गर्नका लागि किशोरकिशोरीको महत्त्वपूर्ण जिम्मेवारी हुन्छ । बेचबिखनबाट आफू बच्दै समुदायका अन्य व्यक्तिहरूलाई बचाउनका लागि पनि उनीहरूको भूमिका ठुलो हुन्छ । बढी मात्रामा बेचबिखनको सिकार किशोरकिशोरी हुने भएकाले पनि आफ्ना साथीसँगी र आफ्ना उमेर समूहका समुदायका सदस्यहरूलाई यस सम्बन्धमा सही सूचना जानकारी दिएर तथा कोही यस्ता गलत काममा संलग्न भएको पाइएमा प्रहरीलाई खवर गरेर बेचबिखन जस्तो जघन्य अपराधलाई रोक्न सकिन्छ ।

५ मिनेट

**सिकाइ मापन**

- आजको सत्रबाट सिकेका मुख्य सिकाइहरू के के भए ।
- छलफलको अन्त्यमा सहभागीहरूलाई सत्रमा सिकेका मुख्य मुख्य कुराहरूमध्ये आउने ७ दिन भित्र के के गर्न सकिन्छ लेख्न लगाउने ।



# पाठ्य सामग्री :

महिला तथा बालबालिका बेचबिखन नेपालको मात्र नभई विश्वको नै प्रमुख समस्या हो । बेचबिखन गरिएका महिला तथा बालबालिकाहरूलाई घरेलु कामदार, बँधुवा मजदुर, वेश्यावृत्ति आदिको रूपमा लगाईन्छ । उनीहरू शारीरिक, मानसिक एवम् अन्य प्रकारका हिंसाका सिकार हुन बाध्य हुन्छन् ।

मानव बेचबिखन ऐन, २०६४ को दफा ४ मा कसैले क) कुनै पनि उद्देश्यले मानिस बेचे वा किनेमा, ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाएमा, ग) प्रचलित कानुनवमोजिम बाहेक मानिसको अङ्ग झिकेमा, ३) वेश्यागमन गरेमा मानव बेचबिखन गरेको मानिन्छ भनी वेचविखनको परिभाषा गरिएको छ ।

वेश्यावृत्तिका लागि महिला तथा बालबालिकाको बेचबिखन विरुद्धको सार्क महासन्धि, २००२ को धारा १(३) मा बेचबिखन भन्नाले कुनै आर्थिक वा अन्य प्रतिफल प्राप्त गरी बेचबिखन गरिएको व्यक्तिको सहमति प्राप्त गरी वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले महिला तथा बालबालिकालाई एक ठाँउबाट अर्को ठाउमा लैजाने, विक्री गर्ने वा खरिद गर्ने कार्यलाई सम्झनुपर्छ भन्ने परिभाषा गरिएको छ ।

## माथिका परिभाषा अनुसार बेचबिखन हुन निम्न कुराहरू हुनुपर्दछ :

- मानव बेचबिखन मानिसको भएको हुन्छ । मानिस भन्नाले महिला, पुरुष, तेस्रो लिङ्गी, बालबालिका, वयस्क वा वृद्धलाई जनाउँछ ।
- बेचबिखनमा शोषण गर्ने वा फाइदा लिने उद्देश्य हुन्छ । जस्तै यौन शोषण, अङ्ग बेचबिखन, श्रम शोषण आदि ।
- बेचबिखन बेचिने व्यक्तिको केही अवस्थामा इच्छा अनुसार वा जबरजस्ती पनि भएको हुनसक्छ । बेच्ने मानिसको नियत गलत नै हुन्छ ।
- बेचबिखन देशभित्रै पनि हुनसक्छ भने छिमकी देश वा टाढा रहेका देशमा पनि हुनसक्छ । अहिले वैदेशिक रोजगारीको नाममा अरब देशहरू, मलेसिया र कतिपय अफ्रिकन देशहरूमा समेत बेचबिखन भइरहेको अवस्था छ ।

## मानव बेचबिखन गरिने कारणहरू :

- यौन शोषणका लागि
- जबर्जस्ती विवाह गर्न गराउन
- यौन पर्यटनका लागि
- माग्ने बनाउनका लागि
- अवैध सामान ओसार पसार गराउन जस्तै सुनका गहना
- लागूपदार्थ तथा हातहतियार ओसारपसार गराउन
- दास वा बँधुवा मजुदर बनाउन
- शरीरका अङ्ग बिक्री गर्न जस्तै मृगौला, आँखा आदि
- सर्कसमा खेलाउन वा अरूको मनोरञ्जनमा संलग्न गराउन
- घरायसी कामदार बनाउन
- सशस्त्र द्वन्द्वमा संलग्न गराउन
- अश्लील चित्रका लागि - अश्लील चलचित्र बनाउन, बालबालिकाका नग्न तस्बिर बनाएर अश्लील पत्रिकामा छाप्न - इन्टरनेट वेब पेजमा राखिदिन ।

झट्ट हेर्दा बालबालिका तथा महिलालाई यौन व्यवसायमा लगाउन मात्र बेचबिखन हुन्छ जस्तो लागेपनि अन्य धेरै शोषणयुक्त कामको लागि मानव बेचबिखन हुने गरेको छ ।

बेचबिखन आफ्नै देशभित्र एक ठाउँबाट अर्थात् गाँउबाट सहरमा, एउटा सहरबाट अर्को सहरमा हुन्छ । धेरैजसो गाँउका बालबालिकालाई सहरमा कामको लोभ देखाएर बेचबिखन गर्ने वा एक सहरबाट अर्को सहरमा लैजाने गरेको पाइन्छ । यसरी ल्याउँदा बालकलाई होटलमा काम गर्न, गलैंचा उद्योगमा, इँटा बनाउने ठाँउमा काममा लगाउने वा घरेलु कामदार बनाएर राख्ने र साहूहरूबाट पैसा लिने गरिन्छ । त्यस्तै बालिकालाई रेस्टुरेन्टमा काम गर्ने, घरेलु कामदार बनाउने, गलैंचा फ्याक्ट्रीमा काम गर्ने आदिमा बेचिन्छ । बालबालिकालाई आफू बेचिएको थाहा हुँदैन तर काममा लगाइदिन्छु भनेर काममा लगाउनेले फाइदा लिने काम गर्दछ ।

नजिकको छिमेकी देशमा लगेर बालबालिकालाई बेच्ने चलन धेरै छ । नेपालबाट धेरै महिलालाई भारतका विभिन्न सहरमा लगेर बेचिन्छ । उनीहरूलाई कोठीमा राखेर यौन शोषण गराइन्छ । एउटा अध्ययनमा नेपाली चेलीबेटीलाई दलालहरूले २५ देखि ६५ हजार रूपैयासम्ममा बिकी गर्ने गरेका उल्लेख गरिएको छ । शारीरिक रूपले सुन्दरतालाई धेरै पैसामा बेच्ने गरिन्छ ।

## बालबालिका तथा महिला बेचिने प्रचलित तरिका

बालबालिका तथा महिलाको बेचबिखन गर्ने समूहमा महिला र पुरुषहरू सङ्गठित वा व्यक्तिगत रूपमा लागिपरेका छन् । यस्ता समूहहरू नेपालभित्रै, नेपाली र भारतका नागरिक मिलेर बनेका छन् । भने कति नेपालीहरू नै भारतमा बसेर धन्दा गर्दछन् । परिवार सामाज र राष्ट्रलाई पर्ने नकारात्मक प्रभावको वास्ता पनि गर्दैनन् । फुपूले भदैलाई, मामाले भान्जीलाई, काकाले भतिजीलाई, काकाले भतिजीलाई समेत पनि बिक्री गरेका उदाहरण छन् ।

## यिनीहरूले विशेषगरी गाउँमा बालिका र महिलालाई

- नक्कली विवाह गरेर पत्नी वनाएर घुम्न जाने वा नयाँ ठाँउमा काम वा अन्य प्रयोजनका लागि जाने निहुँमा सहरमा ल्याउने र बिस्तारै भारत पुऱ्याएर बेच्ने गर्दछन् ।
- राम्रो राजेगारी र कमाइको लोभ देखाएर पढेलेखेका चेलिबेटी वा अन्यलाई समेत फसाएर भारतमा र खाडी मुलुकमा बेच्ने गरेका छन् ।
- भारतका ठुला सहरमा घुम्न जाने बाहानामा लगेर पनि बेच्ने गरेका छन् ।
- भारतको बाटो हुँदै विदेश पठाइदिन्छु राम्रो काम मिलाइदिन्छु भन्दै भारत, खाडी तथा अन्य विभिन्न देशमा बेच्ने गरेका छन् ।
- व्यापार व्यवसाय गर्ने भनेर झुक्याउने गरेको पनि पाइन्छ ।
- कतिले त बस वा रेलमा यात्रा गर्दा भाग्लान् भनेर लठ्याउने औषधि खान दिएर ठुला सहरमा पुरयाएर बेच्छन् ।
- डर धाक धम्की दिई जबरजस्ती पनि बेचबिखन गर्दछन् ।
- बाबुआमा अभिभावकलाई प्रलोभनमा परेर, विवाहको नाटक रचेर, विदेशमा खेलकुद तथा कलाकारिताको प्रदर्सनको लोभ देखाएर पनि बेचबिखन गरिन्छ ।

## बेचबिखनका कारण

बालबालिका बेचबिखन हुने मुख्य कारण धेरैले गरिबीलाई मानेका छन तर यथार्थमा गरिबीसँगै अन्य विभिन्न कारणहरूले बालबालिकाको बेचबिखन भइरहेको पाइएको छ । यस्ता कारणलाई तिन भागमा विभाजन गर्न सकिन्छ :

**(क) शैक्षिक र आर्थिक कारण**

- बेचिने बालबालिका तथा महिलामा शिक्षा तथा चेतनाको कमी हुनु ।

- अरूले भनेको कुरा सही कि गलत हो भन्ने विश्लेषण गर्न नसक्नु ।
- कहिलेकाही अरूलाई विश्लेषण नगरी बढी विश्वास गर्नु ।
- धेरै आम्दानी गर्ने र सुख सयल गर्ने लोभमा फस्नु ।
- आफूलाई राम्रो हुने काम खोज्नु ठिक हो तर विनाविश्लेषण अरूको भर पर्नु ।
- कामको खोजीमा यताउता आवतजावत गर्दा पनि उम्कनै नसकिने गरी बेचबिखनमा पर्ने स्थिति हुनु ।

**(ख) परिवारमा बालबालिका तथा महिलाहरूको उचित हेरविचार, रेखदेख नहुनाले**

- बाबुआमाले बालबालिकालाई पालनपोषण शिक्षादीक्षा दिन नसक्नु र सानै उमेरदेखि बालबालिकालाई काममा लगाउनु, कतिपय अवस्थामा बाबुआमा छोराछोरी घरबाट बाहिर काम गर्न गए राम्रो हुन्छ भन्ने मान्यताले पनि बालबालिकाले घर छाडनु ।
- दैवी प्रकोप जस्तै भूकम्प, बाढी, पहिरोबाट प्रभावित भई परिवारहरू आफ्नो गाउँ छाड्न बाध्य हुन्छन्, त्यस्ता अवस्थामा बाबुआमाले बालबालिकालाई उचित हेरबिचार पुऱ्याउन सक्दैनन् र बालबालिका बेचिने खतरामा वढी पर्नु ।
- छोरालाई माया गर्ने र छोरीलाई हेला गर्ने चलनले छोरीलाई कसैले माया गरेर बोलिदिँदा पनि उनीहरू छाडेर जान तम्सनु ।
- चाँडै आफैंले निर्णय गरेर विवाह गर्न उत्सुक हुनेहरू पनि बेचबिखनमा परेको पाइएको छ । कसैको विवाहको नाममा बेच्ने उद्देश्य हुनु ।
- कुनै कारणवश घर छाडेर भाग्नेहरू पनि पुन : घर फर्कन नसकेर काम वा मामको खोजीमा भौंतारिदा बेचिएको पाइनु ।
- घरेलु हिंसा र झगडाले गर्दा पनि बालबालिका र महिला घर छाडेर जान्छन् । यसरी घर छाडेर जानेहरू बेचिने खतरामा पर्नु ।

**(ग) प्रशासनिक कारण**

- अपराधीलाई नियन्त्रण गर्ने कानुन नीति नियम नहुनु र भएका नीति नियम पनि कार्यान्वयन नहुनुले बेचबिखन गर्ने व्यक्ति वा गिरोहलाई नियन्त्रण गर्न नसक्नु ।
- भारत र नेपालबीच १७४० माइलको खुल्ला सिमाना भएको र भारतमा यात्रा गर्न कुनै पनि कागजात आवश्यक नपर्ने हुनाले पनि वेचविखन गर्नेले कुनै ठाउँवाट बालबालिका लैजान सक्छन् । यस कारणले गर्दा पनि बेचबिखन बढदै जानु ।

## बेचबिखनमा परेका व्यक्ति सम्बन्धमा नेपाली कानुनको व्यवस्था :

**उजुरी लाग्ने निकाय**

मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित अपराधको उजुरी प्रहरी कार्यालयमा दिनुपर्दछ । उजुर गर्ने व्यक्तिले आफ्नो नाम गोप्य राखिदिन लिखित अनुरोध गरेमा उजुर दर्ता गर्ने प्रहरी कार्यालयले निजको नाम गोप्य राख्नुपर्छ ।

**सजाय**

- मानिस किन्ने वा बेच्नेलाई बिस वर्ष कैद र दुई लाख रूपैंया जरिवाना हुन्छ ।
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसुरको मात्रा अनुसार दस वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपैंयादेखि एक लाख रूपैयाँसम्म जरिवाना हुन्छ ।

- प्रचलित कानुनबाहेक मानिसको कुनै अङ्ग झिक्नेलाई दस वर्ष कैद र दुई लाख रूपैयादेखि पाँच लाख रूपैयाँसम्म जरिवाना हुन्छ ।
- वेश्यागमन गर्नेलाई एक महिनादेखि तीन महिनासम्म कैद र दुई हजार रूपैयाँदेखि पाँच हजार रूपैयाँसम्म जरिवाना हुन्छ ।
- विदेश लैजानेलाई दस वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद र एक लाख रूपैयाँदेखि दुईलाख रूपैयाँसम्म जरिवाना हुन्छ ।
- नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दस वर्ष कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए दस वर्षदेखि बाह्र वर्षसम्म कैद र एक लाख रूपैयाँ जरिवाना हुन्छ ।
- शोषण गर्ने उद्देश्यले नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई एक वर्षदेखि दुई वर्षसम्म कैद र विदेश लगेको भए दुई वर्षदेखि पाँच वर्षसम्म कैद हुन्छ ।
- किन्ने वा बेच्ने व्यक्ति, कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने व्यक्ति एउटै भएमा निजलाई किने वा बेचे बापत र फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाए वापत छुट्टाछुट्टै सजाय हुन्छ ।
- लैजाने र किन्ने, बेच्ने वा कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने उद्देश्यले विदेश वा नेपाल भित्रका एक ठाउँबाट अर्को ठाउँमा लैजाने व्यक्ति एउटै भएमा त्यसरी छुटाई लगेको र विदेश वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लगेबापत् छुट्टाछुट्टै सजाय हुन्छ ।
- कसुर कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको भएमा कसुर गरेबापत हुने सजायको अतिरिक्त पच्चिस प्रतिशत थप सजाय हुन्छ ।
- आफ्नो संरक्षणमा वा अभिभावकत्वमा रहेको वा मुलुकी ऐनको हाडनाता करणीको महल बमोजिम सजाय हुने व्यक्तिका सम्बन्धमा मानव बेचबीखन वा ओसार पसारको कसुर गरेमा दस प्रतिशत थप सजाय हुन्छ ।
- पटके कसुरदारलाई प्रत्येक पटक सो कसुरमा हुने सजायको एक चौथाई थप सजाय हुन्छ ।

**क्षतिपुर्ति**

- अदालतले कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनु पर्दछ ।
- क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडितको मृत्यु भएमा त्यस्तो रकम तोकिए बमोजिम निजको नाबालक छोराछोरीलाई र त्यस्ता छोराछोरी नभए निजमा आश्रित बाबुआमालाई दिइनेछ ।
- क्षतिपूर्तिको रकम पाउने पीडितको नाबालक छोराछोरी र आश्रित आमाबाबु नभएमा त्यस्तो रकम पुनर्स्थापना कोषमा जम्मा गर्नुपर्छ ।

**सहयोग :**

unicef

UNFPA

वि. सं. २०७१ (सन् २०१४)